# माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन

शोधार्थी

विष्णुप्रसाद भुसाल

क्रमाङ्क: ३०८०१३४

र.नं २१०८८-९४

शैक्षिक वर्ष: २०६५-२०६९

त्रिभुवन विश्वविद्यालयशिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र

त्रिभुवन विश्वविद्यालय

नेपाली शिक्षा शिक्षण विभाग

तानसेन बहुमुखी क्याम्पस

तानसेन, पाल्पा

२०७०

# सिफारिस-पत्र

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस पाल्पा नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र विष्णुप्रसाद भुसालले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को आवश्यकता पूर्ति गर्ने **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशन र सल्लाह सुझावमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

......................................

मितिः

सह. प्रा. शालिकराम पौडेल
शोध निर्देशक
नेपाली भाषा शिक्षा शिक्षण विभाग

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२३५०

पत्र संख्या :
च.नं.

मिति.........................

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्रसङ्काय अन्तर्गत तानसेन बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षाा विभाग अन्तर्गतका छात्र विष्णुप्रसाद भुसालले सह-प्राध्यापक शालिकराम पौडेलको निर्देशनमा स्नातकोत्तर तह एम्.एड्. दोस्रो वर्षको दशौं पत्र (नेपा.शि. ५९८) का लागि तयार पारेको **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | हस्ताक्षर |
|---|---|---|
| १. अध्यक्ष डा. नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख | .......................... |
| २. सदस्य शालिकराम पौडेल | शोध निर्देशक | .......................... |
| ३. सदस्य डा. शिवप्रसाद पौड्याल | बाह्य परीक्षक | .......................... |
| ४. सदस्य राधेश्याम ज्ञवाली | क्याम्पस प्रमुख | .......................... |

मिति : १०/०३/२०१४ (२६/११/२०७०)

# कृतज्ञता ज्ञापन

सङ्घर्षशील, गतिशील एवम् परिवर्तनशील जीवनको यात्रालाई शैक्षिक मार्गबाट अगाडि बढाउँदै जाँदा एम्.एड्. तह अध्ययन गर्ने सिलसिलामा तानसेन बहुमुखी क्याम्पस, पाल्पामा जब मैले पाइला राखेँ, त्यसैको लागि निर्धारित नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गतको नेपाली शि. ५९८ पाठ्यांशभार पूरा गर्न शोध कार्य गर्नुपर्ने आवश्यकता भयो । शोधकार्य आफैमा एक गहन र जटिल विषय हो । यसका निम्ति कठोर मिहनेत तथा धैर्यताको आवश्यकता पर्ने यथार्थ अनुभव यस शोध पत्र लेखनका क्रममा भएको छ । दुई पाठ्यक्रमबीच समय-समयमा 'माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन' शीर्षकको अध्ययन अनुसन्धान नभएको विद्यमान अवस्थामा केही अपुरो जस्तो महशुस भएकोले उपर्युक्त शीर्षकमा आधारित रही यो शोधपत्र तयार पारिएको छ ।

व्यक्तिगत अनेकौं व्यस्तताका बावजुद पनि आफ्नो अमूल्य समय प्रदान गरी शोधपत्र लेखनको प्रारम्भदेखि हालसम्म कुशल, निर्देशन, उत्साहजनक उत्प्रेरणा, महŒवपूर्ण सुझाव एवं परामर्श दिनहुने तानसेन बहुमुखी क्याम्पस, पाल्पाका श्रद्धेय गुरु, सह-प्राध्यापक श्री शालिकराम पौडेलप्रति हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । शोधपत्रको शीर्षक चयन लगायतका क्रममा आफ्नो बौद्धिकता एवम् तार्किकता झल्कने गरी दिइएको बहुमूल्य सुझाव र सल्लाह दिनुहुने श्रद्धेय गुरु सह-प्राध्यापक डा. नेत्रप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै शोधपत्र लेखनको निम्ति आफ्ना विभिन्न गहकिला सुझाव एवम् प्रेरणा प्रदान गर्नुहुने तानसेन बहुमुखी क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवालीप्रति हार्दिक आभार व्यक्त गर्दछु । पुस्तकालयको तर्फबाट विभिन्न सन्दर्भ पुस्तक, सामग्री आदिको सहयोग पुऱ्याउनु भएका समग्र पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्न चाहन्छु । शोधपत्र लेखनका निम्ति विशेष प्रेरणा प्रदान गरी यस विषयमा आकृष्ट गर्ने स्वर्गद्वारी बहुमुखी क्याम्पस, प्यूठानका प्रमुख श्री मोहन गिरी, पाणिनी बहुमुखी क्याम्पस, अर्घाखाँचीका आत्मीय मित्र मीनराज खनाल, रामलाल भुसाल एवम् श्री बालशिक्षा मा.वि. ढाकावाङ्ग- ६ अर्घाखाँचीका शिक्षकद्वय श्री युवराज खनाल र चेत बहादुर थापाप्रति आभार प्रकट गर्दछु । शोध अध्ययनको क्रममा सामग्री सङ्कलनमा सहयोग गर्नुहुने भानु उ.मा.वि. बर्वोट, प्यूठानका प्राचार्य श्री चक्रपाणी पौडेल, किमडाँडा ढाकावाङ्ग, धारापानी श्रोतकेन्द्रका श्रोतव्यक्ति श्री हरिप्रसाद भुसालप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु । साथै श्री विश्व उ.मा.वि. ढाकावाङ्गका सहपाठी मित्रहरु प्राचार्य श्री जुमलाल

खनाल, जीवन के.सी., गोविन्द खनाल, राम बहादुर दर्जि, रेशम अधिकारी, बसन्ता खनाल, उमानन्द बन्जाडेले समय समयमा शोधपत्र लेखनका लागि सहयोग पुग्ने गरी आवश्यक सल्लाह र सुझाव दिनुभएकोमा उहाँहरूप्रति धेरै धेरै आभार प्रकट गर्दछु ।

मेरो यस कार्यका हरेक क्षणमा पारिवारिक गतिविधि कुशलतापूर्वक सञ्चालन तथा आवश्यक सल्लाह सुझाव दिइ धेरै सहयोग पुऱ्याउने मेरी आत्मीय जीवन संगिनी श्रीमती रुप्सा भुसालप्रति धन्यवाद नदिइरहन सक्दिन । शोधपत्र निर्माणका निम्ति कम्प्यूटर टाइप र सेटिङ्ग गरिदिने आर्यन्स एकाडेमीका टाइपिस्ट इन्द्रकला रानालाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोध प्रतिवेदन निर्माणका निम्ति आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण गुरुवर्ग, मित्रजन तथा शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दछु ।

शोधार्थी
विष्णुप्रसाद भुसाल
त्रिभुवन विश्वविद्यालय
नेपाली भाषा शिक्षा शिक्षण विभाग
तानसेन बहुमुखी क्याम्पस,
तानसेन पाल्पा ।

# शोधसार

प्रस्तुत शोधपत्र त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस, पाल्पाको नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गत नेपा.शि. ५९८ को पाठ्यांशको आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ । यस शोधकार्यको शीर्षक **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन** कायम गरिएको छ । यस शोधकार्यलाई शोधपत्र (अनुसन्धान प्रतिवेदन) को ढाँचा अनुरूप तीन भागमा विभक्त गरिएको छ । जस अन्तर्गत पूर्व भागमा मुखपृष्ठ, शोध निर्देशकको सिफारिस, स्वीकृतिपत्र, कृतज्ञता ज्ञापन, शोधसार, तालिकासूची, संक्षिप्तकृत शब्दसूची र विषयसूची राखिएको छ । मध्य भाग अर्थात् मुख्य भागअन्तर्गत पाठ्यक्रमको तुलनात्मक अध्ययनलाई पाँच परिच्छेदमा पृष्ठ १ देखि ५७ सम्म सङ्गठित गरिएको छ । उत्तर भाग अन्तर्गत परिशिष्ट रहेको छ । परिशिष्टमा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ का छुट्टाछुट्टै पाठ्यक्रमका विधाका क्षेत्र र क्रमका साथै व्यक्तिवृत्त राखिएको छ ।

**माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकलाई पाँच परिच्छेदमा सङ्गठित गरिएको छ । पाँच परिच्छेदभित्र शीर्षक, उपशीर्षकलाई नियमित रूपमा व्यवस्थित गरिएको छ । निर्दिष्ट दुई पाठ्यक्रमबीचमा रहेका समानता र असमानतालाई तुलनात्मक रूपमा अध्ययन गर्ने प्रयास भएको छ । परिच्छेद एकको शोध परिचय शीर्षकमा उपशीर्षक नौसम्म सङ्गठित गरी अध्ययनको ठोस योजना निर्माण गरिएको छ ।

- परिच्छेद दुईको सैद्धान्तिक अवधारणा शीर्षकमा उपशीर्षक चारसम्म कायम गरिएको छ । पाठ्यक्रमको परिचय खण्डमा पाठ्यक्रमको परिचय र यसको परिभाषा दिइएको छ । भाषा पाठ्यक्रमको परिचय खण्डमा भाषा पाठ्यक्रम के हो भन्नेबारे उल्लेख गरिएको छ । भाषा पाठ्यक्रमको स्तम्भ र आधारहरू खण्डमा भाषा पाठ्यक्रमका अङ्गहरू उल्लेख छन् । भाषा पाठ्यक्रमका महत्त्व र उपयोगिता खण्डमा भाषा विषयको महत्त्व र उपयोगितालाई उल्लेख गरिएको छ ।

परिचछेद तीनको नेपाली भाषा पाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन शीर्षकलाई उपशीर्षक र उपशीर्षकको पनि उपशीर्षकमा सङ्गठित गरी विभिन्न समयमा निर्माण गरिएका भाषा पाठ्यक्रमको बारेमा सङ्क्षिप्त प्रस्तुति रहेको छ । जसमध्ये नेपाली भाषा पाठयक्रमको ऐतिहासिक परम्परामा

भाषा पाठशालाको स्थापना, स्रेस्ता पाठशाला १९६२, जाँचपास अड्डा १९६७, आधार शिक्षा २००४, रा.शि.प.यो. २०२८, रा.शि.आ.को प्रतिवेदन २०४९ द्वारा प्रष्ट्याइएको छ । माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको परम्परामा वि.सं. १९९० सालमा स्थापना भएको एस्.एल्.सी. बोर्डदेखि माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ सम्म रहेका पाठ्यक्रमका अङ्गहरू र सङ्क्षिप्त परिचय सहितका विशेषता उल्लेख गरिएका छन् । साथै माध्यमिक तहको भाषा पाठ्क्रम २०६४ को सङ्क्षिप्त परिचय समेत उल्लेख गरिएको छ ।

परिच्छेद चारमा **भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन** शीर्षकलाई विभिन्न उपशीर्षक र उपशीर्षकको उपशीर्षकमा सङ्गठित गरी माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ र २०६४ को बीच तुलना गर्न उद्देश्य, भाषिक सीप, विद्यमान क्षेत्र र क्रम, शिक्षण विधि, अङ्कभार र पाठ्यभार, शैक्षिक सामग्री तथा मूल्याङ्कनलाई आधारमानी तुलना गरिएको छ । यस परिच्छेदमा रहेका उद्देश्य अन्तर्गत दुबै भाषा पाठ्यक्रमका उद्देश्यगत समानता र असमानता, त्यस्तै विद्यमान क्षेत्र र क्रममा दुबै पाठ्यक्रममा रहेको वितरणको अवस्था, छनौट र स्तरणमा समानता र असमानता, शिक्षण विधि, अङ्कभार र पाठ्यभार, शैक्षिक सामग्री तथा मूल्याङ्कनमा रहेका समानता र असमानतालाई औल्याइएको छ ।

परिच्छेद पाँचमा निष्कर्ष तथा सुझावहरू भनी शीर्षक कायम गरिएको छ; जसमा निष्कर्षका रूपमा दुबै पाठ्यक्रममा रहेका सवल र दुर्बल पक्षहरू उल्लेख छन् भने पाठ्यक्रमलाई अझ सक्षम र प्रभावकारी बनाउन महŒवपूर्ण सुझावहरू प्रस्तुत गरिएको छ ।

योजनाबद्ध रूपमा गरिएका कुनै पनि कार्यका आफ्नै खालका विशिष्ट समस्या पूर्ति गर्ने उद्देश्य हुन्छन् । यस शोधपत्र निर्माणका अथवा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन शीर्षक अन्तर्गतको अनुसन्धानबाट नेपाली भाषा पाठ्यक्रममा देखा परेका समस्या तथा ती समस्याहरू समाधान गर्न गरिएका प्रयासहरूलाई उल्लेख गर्ने उद्देश्य राखिएको छ । समस्या समाधान गर्न गरिएका यावत् प्रयासहरू वर्तमान परिप्रेक्ष्यमा समयानुकूल छन् वा छैनन्, नभए अपूर्णताहरू के कस्ता छन् ? त्यसका लागि थप कस्ता सकारात्मक पहलको आवश्यकता छ भन्ने समेत यस शोत्रपत्रका माध्यमबाट प्रष्ट्याउने भरपूर प्रयास भएको छ ।

अध्ययनलाई पूर्ण तुल्याउन पुस्तकालय विधिको पूर्ण रूपमा अवलम्बन गर्नुका साथै दुई भाषा पाठ्यक्रमहरूको तुलना गर्न तुलनात्मक विधिको प्रयोग भएको छ । निर्दिष्ट पाठ्यक्रमहरूलाई गहन

अध्ययन गरी सैद्धान्तिक आधार लिन पाठ्यक्रममा अन्तर्निहित विषयवस्तुलाई विश्लेषण गर्न खोज अनुसन्धान विधिको प्रयोग भएको छ । यस अध्ययनबाट वर्तमान समयमा नेपाली भाषा शिक्षणमा देखिएका कसरमसरलाई पूर्णतः निर्मूल गर्न दुई भाषा पाठ्यक्रममा रहेका समानता र असमानतालाई तुलना गर्दै विगतका कमीकमजोरीहरूलाई औंल्याएर निश्चित खालको परिष्कार एवम् परिमार्जन गर्न दिशा प्रदान गर्ने छ भन्ने आशा गर्न सकिन्छ ।

निष्कर्षका रूपमा भन्नुपर्दा यस अध्ययन कार्यबाट नेपाली भाषा पाठ्यक्रम सम्बन्धी चिन्ता र चासोको विषय बनाइ चिन्तनशील रहने महान् चिन्तकका निम्ति सुन्दर सोपानको भूमिका निर्वाह गरी खड्किएका अभाव पूर्ति गर्नसहयोग पुऱ्याउने छ भन्ने समेत आशा लिइएको छ । हुनत शोधकार्य एउटा आफैमा गहन विषय भएकाले यस्ता नहुने कुरा विषय भएकाले यस्ता विषयको अध्ययन कार्य सहज नहुने कुरा एकातर्फ छ भने कुनै कार्य सम्पन्न पश्चात् त्यसको प्रतिफल अत्यन्त मीठो हुने भएकोले सम्बन्धित सबैमा यस कार्यबाट आवश्यक सुधारको आभास गराउने छ भन्ने पूर्ण रूपमा विश्वास लिइएको छ । खासगरी यस शोध प्रतिवेदनको विषयवस्तुलाई पाँच परिच्छेदमा सङ्गठित गरी दुवै भाषा पाठ्यक्रममा रहेका सबल र दुर्बल पक्षहरूलाई आत्मसात् गरी तुलनात्मक अध्ययन गरिएको छ ।

# तालिकासूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | माध्यमिक भाषा पाठ्यक्रम २०५५ अनुसार अङ्क विभाजन | २३ |
| २. | नेपाली भाषा पाठ्यक्रम २०६४ अनुसार अङ्क विभाजन | २५ |
| ३. | भाषा पाठ्यक्रम २०५५ र २०६४ का साधारण उद्देश्यको सङ्ख्यात्मक स्थिति | ३० |
| ४. | भाषा पाठ्यक्रम २०५५ अनुसार भाषिक सीपको सङ्ख्यात्मक स्थिति | ३१ |
| ५. | भाषा पाठ्यक्रम २०६४ अनुसार विशिष्ट उद्देश्यको सङ्ख्यात्मक स्थिति | ३२ |
| ६. | नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ मा समाविष्ट विधाहरू | ३३ |
| ७. | माध्यमिक भाषा पाठ्यक्रम २०५५ मा अङ्कभार र पाठ्यभारको व्यवस्था | ३७ |
| ८. | माध्यमिक भाषा पाठ्यक्रम २०६४ मा पाठ्यभार र अङ्कभारको व्यवस्था | ३८ |
| ९. | भाषा पाठ्यक्रम २०५५ अनुसार अङ्क विभाजन | ३८ |
| १०. | माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा - ९ | ३९ |
| ११. | माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा - १० | ३९ |
| १२. | भाषा पाठ्यक्रम २०५५ अनुसार मूल्याङ्कनको व्यवस्था | ४६ |
| १३. | भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा - ९ | ४७ |
| १४. | भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङकनको व्यवस्था कक्षा - १० | ४८ |

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | V |
| तालिका सूची | VIII |
| सङ्क्षेपीकृत शब्दसूची | IX |
| विषयसूची | X |

**परिच्छेद एक : शोध परिचय**

| | |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ अध्ययनको उद्देश्यहरू | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य र महत्त्व | ५ |
| १.७ अध्ययनको सीमाङ्कन | ५ |
| १.८ शोध विधि | ६ |
| १.८.१ सामग्री सङ्कलन विधि | ६ |
| १.८.२ अध्ययन विधि | ६ |
| १.९ शोधपत्रको रूपरेखा | ७ |

**परिच्छेद दुई : पाठ्यक्रमको सैद्धान्तिक अवधारणा**

| | |
|---|---|
| २.१ पाठ्यक्रमको परिचय | ८ |
| २.२ भाषा पाठ्यक्रमको परिचय | ९ |
| २.३ भाषा पाठ्यक्रमका प्रमुख स्तम्भहरू/आधारहरू | ११ |
| २.३.१ आवश्यकताको विश्लेषण | ११ |
| २.३.२ उद्देश्यको निर्धारण | ११ |
| २.३.३ पाठ्यवस्तुको निर्धारणर प्रस्तुतिक्रम | १२ |
| २.३.४ शिक्षण प्रक्रिया | १२ |
| २.३.५ मूल्याङ्कन प्रक्रिया | १३ |
| २.४ भाषा पाठ्यक्रमको महŒव र उपयोगिता | १३ |
| २.५ निष्कर्ष | १५ |

**परिच्छेद तीन : नेपाली भाषा पाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन**


३.१ नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक परम्परा १६
३.१.१ भाषा पाठशालाको स्थापना - १९५८ १६
३.१.२ स्रेस्ता पाठशाला र जाँच पास अड्डा - १९६७ १७
३.१.३ आधार शिक्षा - २००४ १८
३.१.४ राष्ट्रिय शिक्षा योजना आयोग २०११ १८
३.१.५ सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति - २०१८ १९
३.१.६ राष्ट्रिय शिक्षा पद्दतिको योजना - २०२८ १९
३.१.७ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन - २०४९ २०
३.२ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको परम्परा २०
३.२.१ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम - २०५५ को संक्षिप्त परिचय २१
३.२.२ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को संक्षिप्त परिचय २४
३.३ निष्कर्ष २६


**परिच्छेद चार : भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन**


४.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना २७
४.१.१ राष्ट्रिय उद्देश्यका आधारमा भाषा पाठ्यक्रमको तुलना २७
४.१.२ साधारण उद्देश्यका आधारमा भाषा पाठ्यक्रमको तुलना २९
४.२ भाषिक सीपका आधारमा पाठ्यक्रमको तुलना ३१
४.३ विधागत क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना ३२
४.४ अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना ३७
४.५ शिक्षण सामग्रीको आधारमा पाठ्यक्रमको तुलना ४०
४.६ शिक्षण प्रक्रिया/विधिका आधारमा पाठ्यक्रमको तुलना ४१
४.७ मूल्याङ्कनका आधारमा पाठ्यक्रमको तुलना ४६
४.८ निष्कर्ष ५१


**परिच्छेद पाँच : उपसंहार, निषकर्ष तथा सुझाव**


५.१ उपसंहार ५२
५.२ निष्कर्ष ५३
५.२.१ सबल पक्षहरू ५३
५.२.२ दुर्बल पक्षहरू ५४
५.३ सुझावहरू ५५


**भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

**सन्दर्भसामग्री सूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# संक्षेपीकृत शब्दसूची

| **संक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|
| ऐ.प्र. | ऐच्छिक प्रथम |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नेपा.शि. | नेपाली शिक्षण |
| ने.रा.शि.यो.आ. | राष्ट्रिय राष्ट्रिय शिक्षा योजना आयोग |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| भाषा पा. | भाषा पाठ्यक्रम |
| मा.वि. | माध्यमिक विद्यालय |
| र.नं. | रजिष्ट्रेशन नम्बर |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्दतिको योजना |
| वि.सं. | विक्रम संवत् |
| शै.स. | शैक्षिक सत्र |

# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोत्रपत्रको शीर्षक **'माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यांश नेपाली शिक्षा ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ ।

## १.३ समस्या कथन

शोधकार्यको सिलसिलामा समस्याको पहिचान गर्नु महत्त्वपूर्ण कुरा हो । अनुसन्धानका निम्ति छानिएका कुनै पनि अनुसन्धानयोग्य विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरिन्छ । त्यसकारण अनुसन्धानको विषयवस्तुसँग पूर्ण रूपमा परिभाषित नगरिएसम्म शोधको कार्य अघि बढ्न सक्दैन । यस सन्दर्भमा रहेर उल्लिखित शीर्षकका सापेक्षतामा कुरा गर्दा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन नै यस शोधकार्यको समस्या रहेको छ । नेपाली भाषा पाठ्यक्रमको औपचारिक सुरुवात वि.सं. १९५८ मा देवशमशेरले खोलेको भाषा पाठशाला र जय पृथ्वीबहादुर सिंहद्वारा लिखित 'अक्षराङ्क शिक्षा' नामक पाठ्यपुस्तकबाट नै भएको पाइन्छ । त्यसपछि नेपाली भाषाको शिक्षणलाई समय सापेक्ष प्रभावकारी बनाउन विभिन्न प्रयासहरू भएका छन् । यिनै प्रयासहरूको पृष्ठभूमिमा राष्ट्रिय शिक्षा योजना आयोग (२०११) को सिफारिस पछि वि.सं. २०१६ मा प्राथमिक तहको पाठ्यक्रम निर्माण भएपछि तयार भएको भाषा पाठ्यक्रमले भाषिक सीपहरूमा जोड दिंदै प्रत्येक तहका लागि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण गर्न थालिएको देखिन्छ । यसमा विषयवस्तुको क्षेत्र, विद्या र क्रमनिर्धारण एवम् विधा र क्रमको स्पष्टीकरण, अङ्कभार जस्ता पक्षहरूलाई समेटिएको छ । यो पाठ्यक्रमलाई वैज्ञानिक रूपमा तयार पारिएको पहिलो पाठ्यक्रम मानिन्छ ।

पाठ्यक्रमलाई शैक्षिक लक्ष्य प्राप्तिको दिशामा अघि बढ्ने योजनाका रूपमा लिइन्छ ; जसमा शिक्षाका राष्ट्रिय उद्देश्य साधारण उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कनका प्रक्रिया तथा शिक्षण सामग्रीको स्पष्ट रुपमा उल्लेख गरिएको हुन्छ तर यी विविध पक्षहरूको उल्लेख र समावेश प्रक्रियाको वैज्ञानिकताका आधारमा त्यसको विश्लेषण गरिन्छ । यहाँ नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को उद्देश्य, विषयवस्तु, विधागत क्षेत्र, शिक्षण सामग्री, मूल्याङ्कन प्रक्रिया, क्रियाकलाप, भाषा पाठ्यक्रमका आधार लगायतका पक्षमा तुलनात्मक अध्ययन गरिएको छ । यस धरातलमा रहँदा प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ -

(क) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विकास के कसरी अगाडि बढेको छ ?

(ख) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ का विशेषताहरू के कस्ता छन् ?

(ग) भाषा पाठ्यक्रम निर्माणका आधार अनुरूप पाठ्यक्रम निर्माण भएको छ वा छैन ?

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोध समस्यासँग सम्बन्धित अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको विकासक्रम पहिल्याउनु ।

(ख) माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ का विशेषताहरू केलाउनु ।

(ग) भाषा पाठ्यक्रम निर्माणका आधार अनुरूप पाठ्यक्रमको तुलना गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धानको सिलसिलामा सम्बन्धित विषयमा यस अगाडि गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षा राम्ररी नगरी आफ्नो अनुसन्धानलाई अगाडि बढाउँदा कतिपय कुराहरूको पुनरावृत्ति हुनसक्छ । यहाँ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको तुलना, विश्लेषण र मूल्याङ्कनका सन्दर्भमा भएका प्रयासहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी र शर्मा, (२०३४ : २९) कार्य विवरणमा “नेपाली विषय शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन” नामक कार्यपत्रको विवरणमा माध्यमिक र उच्च माध्यमिक शिक्षाका भाषा पाठ्यक्रमका सम्बन्धमा उल्लेख गरिएको छ । जसमा वि.सं. २०२८ पछि माध्यमिक तहका लागि तयार पारिएको

अनिवार्य नेपाली भाषा पाठ्यक्रमका विशेषता र कमजोरीको चर्चा गर्ने प्रयास गरिएको छ । २०२८ को नेपाली भाषा पाठ्यक्रमले प्रमुख विशेषताका रूपमा पुरानो प्रारम्भिक नेपाली र पूर्वी भाषा नेपाली दुवैलाई समन्वय गर्ने, प्रयोजनपरक दृष्टिले विषयवस्तु वा सामग्रीको छनौटमा विविधता ल्याउने तथा भाषाको पूरकका रूपमा व्याकरण सिकाउने दृष्टिकोणको चर्चा गरिएको छ ।

ध्रुवकुमार घिमिरे, (२०५१) द्वारा "पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रम तुलनात्मक अध्ययन" शीर्षकमा प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका बीच तुलना गरिएको छ । यस अध्ययन प्रतिवेदनमा दुई पाठ्यक्रमका बीच तुलना गर्दा उद्देश्य, अङ्कभार, पाठ्यभार, विषयवस्तु र मूल्याङ्कनलाई आधार बनाइएको छ । सो अध्ययनमा प्रवीणता प्रमाणपत्र तहको पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रमका समानता/असमानता, उपयुक्तता/अनुपयुक्तताका सम्बन्धमा अध्ययन विश्लेषण गरिएको छ । निष्कर्षका रूपमा नयाँ पाठ्यक्रमले केही नयाँ विषय, ढाँचाको थालनी गरी अनिवार्य नेपाली विषयलाई बढी वस्तुनिष्ठ, सरल एवम् व्यवहारोपयोगी बनाउने प्रयास गरेको कुरा चर्चा गरिएको छ ।

तीर्थराज खतिवडा (२०५३) द्वारा "प्राथमिक शिक्षा नेपाली भाषा पाठ्यक्रम २०३६/०३८ र २०४९ : तुलनात्मक अध्ययन" शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा २०३६/०३८ र २०४९ का प्राथमिक शिक्षा नेपाली शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई आधार बनाइएको छ । हरेक कक्षाका निम्ति विषयवस्तु, शिक्षण कार्यकलाप, शैक्षिक सामग्रीको निर्धारण, हरेक भाषिक सीपलाई कति जोड दिने भनी स्पष्ट रुपमा अङ्क विभाजन गरिनुपर्छ भनी निष्कर्ष निकालिएको छ ।

दिलनाथ पुरी, (२०५५) द्वारा "माध्यमिक र उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०३८ र २०४९/०५० को तुलनात्मक अध्ययन" शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययन प्रतिवेदनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, अङ्कभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

मैयाँ खड्का, (२०५९) द्वारा "माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन" नामक शीर्षकमा शोधकार्य भएको छ । यस प्रतिवेदनमा निर्दिष्ट पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, पाठ्यभार, शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ ।

गीता खनाल (२०६२) ले “प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन” शीर्षकमा शोधकार्य गरेकी छन् । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कनलाई आधार बनाई समानता र असमानता केलाइएको छ ।

नारदकुमार थापा, (२०६२) “माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन” नामक शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, विषयवस्तु, पाठ्यपुस्तक, अङ्कभार, शिक्षण विधि र मूल्याङ्कनलाई आधार बनाइएको छ । नयाँ पाठ्यक्रममा कक्षागत उद्देश्य अलग-अलग रुपमा समावेश नगरिएको, विधाको क्रम र स्तरण उल्लेख नभएको, विधाको क्षेत्रगत अङ्कभारमा एकरूपता नभएको, शिक्षण सामग्री उल्लेख नभएको लगायतका कमजोरी उल्लेख गरिएको छ ।

चेत बहादुर थापा, (२०६८) द्वारा “माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन” नामक शीर्षकमा शोधकार्य भएको छ । यस अध्ययन प्रतिवेदनमा पाठ्यक्रमलाई तुलना गर्दा उद्देश्य, भाषिक सीप, विधागत क्षेत्र, अङ्कभार, पाठ्यभार, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कनलाई आधार बनाइएको छ । दुवै भाषा पाठ्यक्रमका समानता असमानतालाई केलाई तुलनात्मक रूपमा नयाँ पाठ्यक्रम बढी वस्तुनिष्ठ एवम् व्यावहारिक रहेको कुरा उल्लेख गरिएको छ ।

निष्कर्षतः पूर्व कार्यको समीक्षा भन्नाले चयन गरिएका सम्बन्धित अध्ययन प्रतिवेदनको शीर्षकसँग सन्दर्भित विषयवस्तुहरूमा यस भन्दा अघि भएका प्रयासहरू बुझिन्छ । यसले विषयवस्तु दोहोरिने कार्य रोक्नुका साथै अनुसन्धान कार्यलाई योजनाबद्ध र व्यवस्थित रूपमा अगाडि बढाउन मद्दत पुऱ्याउँछ । यस भन्दा अगाडि चार वटा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमकाबीच अन्य शीर्षकहरूमा तुलानात्मक अध्ययन भए पनि माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ का बीचमा तुलनात्मक अध्ययन विश्लेषण नभएकोले प्रतिवेदन प्रस्तुत पश्चात् सकारात्मक प्रभाव पार्ने देखिन्छ । यस शोधकार्यमा दुवै भाषा पाठ्यक्रमकाबीच तुलना गर्दा उद्देश्य, भाषिक सीप, विधाको क्षेत्र, अङ्कभार र पाठ्यभार, शिक्षण सामग्री, शिक्षण विधिका साथै मूल्याङ्कनलाई आधार बनाइएको छ ।

## १.६ अध्ययनको औचित्य तथा महत्व

भाषा विचार विनिमय एवम् अभिव्यक्तिको सशक्त माध्यम हो । भाषिक क्षमताको विकासले मानिसको चौतर्फी विकासमा सहयोग पुग्ने हुँदा भाषा शिक्षणको आफ्नै महŒव छ । नेपाली भाषालाई कसैले पहिलो भाषाका रूपमा कसैले दोश्रो भाषाका रूपमा त कसैले विदेशी भाषाका रूपमा सिक्ने हुनाले भाषा पाठ्यक्रम निर्माणका क्रममा विद्यार्थीको तह, आवश्यकता, उमेर, रुचि, घर परिवारको वातावरण एवम् अनुभवसँग सम्बन्धित विषयवस्तु र समयावधि जस्ता पक्षमा विचार गर्नुपर्ने हुन्छ । समय निरन्तर रूपमा परिवर्तन भैरहने भएकोले हिंजोका कुरा र धारणा दिनानुदिन फेरिंदै गएका छन् । यस्तो परिवर्तनले भाषिक सिकाइ तथा पाठ्यक्रममा पनि प्रभाव पार्दछ । यसर्थ एकपटक निर्माण गरिएको पाठ्यक्रम सधै उपयोगी भैरहँदैन । त्यसैले अन्य पाठ्यक्रम होस् वा भाषा पाठ्यक्रम सबैको परिवर्तन र परिमार्जन हुँदै अद्यावधिक हुनु जरुरी हुन्छ । यसका निम्ति समय-समयमा भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण गरिनु र समयानुकूल परिष्कार एवम् परिमार्जन गर्दै लैजानु आवश्यक हुन्छ ।

यसै सन्दर्भमा वि.सं. २०५५ र वि.सं. २०६४ को माध्यमिक भाषा पाठ्यक्रमको निर्माण के कसरी भएको छ ? के कस्ता विषयवस्तु कुन-कुन क्षेत्रबाट लिइएका छन् ? भाषिक सीप विकासलाई कसरी हेरिएको छ ? पाठ्यक्रम, भाषा पाठ्यक्रम निर्माणका स्तम्भ, समय, अङ्कभार, शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियाको संयोजन कसरी गरिएको छ ? जस्ता कुराको अध्ययन अनुसन्धान समग्रमा नभएको हुनाले यस शीर्षकमा अनुसन्धान गर्नुलाई औचित्यपूर्ण ठानिएको छ । यस अध्ययनबाट नेपाली भाषाका विगत र वर्तमान पाठ्यक्रमहरूमा राम्रा र नराम्रा पक्षहरू पहिचान गरी भविष्यमा परिष्कृत र उत्कृष्ठ भाषा पाठ्यक्रम निर्माण गर्न सघाउ पुऱ्याउने छ भन्ने आशा लिइएको छ । उपर्युक्त विविध कोणबाट हेर्दा यस अध्ययनको महत्त्व आफै प्रष्ट भएको देखिन्छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन भाषा पाठ्यक्रमसँग सम्बन्धित भएता पनि माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययनसँग मात्र सीमित रहेको छ । तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम** (२०५५) र नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित **माध्यमिक**

**तहको नेपाली भाषा पाठ्यक्रम** (२०६४) को अध्ययन अनुसन्धानमा प्रस्तुत अध्ययन प्रतिवेदन आधारित रहेको छ ।

यस अधययन कार्यलाई भाषा पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, अङ्कभार, पाठ्यभार, शिक्षण सामग्री, शिक्षण विधि एवम् मूल्याङ्कन प्रक्रियासम्म मात्र सीमित गरिएको छ । यो अध्ययन मूलतः सामग्री सङकलन, सङकलित सामग्रीको रूजु, पठन, वर्गीकरण र तालिकीकरणका माध्यमबाट गरिएको विश्लेषणको निष्कर्षमा आधारित छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामान्यतया सामग्री संकलन विधि र अध्ययन विधिहरूको प्रयोग गरी अध्ययन कार्य गरिएको छ ।

### १.८.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आवश्यक तथ्यहरु मुख्यतः पुस्तकालय पद्दतिका माध्यमबाट सङ्कलन गरिएको छ । यसका अतिरिक्त तानसेन बहुमुखी क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवाली, यसै क्याम्पसका श्रद्वेय गुरूद्वय श्री शालिकराम पौडेल र डा. नेत्रप्रसाद न्यौपाने, स्वर्गद्वारी बहुमुखी क्याम्पस प्यूठानका प्रमुख श्री मोहन गिरी, पाणिनी बहुमुखी क्याम्पस अर्घाखाँचीका प्राध्यापकद्वय श्री मीनराज खनाल र रामलाल भुषाल, श्री विश्व उ.मा.वि. ढाकावाङ्गका प्राचार्य श्री जुमलाल खनाल, शिक्षकहरू श्री गोविन्द खनाल, जीवन के.सी., उमानन्द बन्जाडे, रेशम अधिकारी, राम बहादुर दर्जी, बसन्ता खनाल, बालशिक्षा मा.वि. ढाकावाङ्ग ६ का शिक्षकद्वय श्री युवराज खनाल र चेत बहादुर थापा, भानु उ.मा.वि. बर्बोट प्यूठानका प्राचार्य श्री चक्रपाणी पौडेल लगायतका व्यक्ति एवम् विषयविद्हरूसँगको छलफल तथा अन्तर्वार्ता समेत सामग्री सङकलनको आधार मानिएको छ ।

### १.८.२ अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी ढङ्गले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुर्‍याउनको लागि खास किसिमको विधिहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । शोध अध्ययन विशेषतः पुस्तकालय विधिमा केन्द्रित गरिएको छ । यसका अतिरिक्त शोध निर्देशक तथा सम्बद्ध विषयका विषयविद् एवम् विद्वान्हरूद्वारा प्राप्त निर्देशनलाई पनि आधार मानिएको छ । तुलनीय पाठ्यक्रमको तुलना एवम् विश्लेषणका निम्ति पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित माध्यमिक नेपाली भाषा पाठ्यक्रमका

बीच पाठ्यक्रमका आधारभूतपक्ष उद्देश्य, विषयवस्तु, विधाको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया एवम् मूल्याङ्कन प्रक्रियाको तुलना गर्नुका साथै विश्लेषण गरिएको छ। तुलना तथा विश्लेषणका आधारमा यी दुई पाठ्यक्रमका बीचमा रहेका समानता/असमानता, सबलता एवम् दुर्बल पक्षहरूको समेत चर्चा गरिएको छ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित रूपरेखामा सङ्गठित गरिएको छ -

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - पाठ्यक्रमको सैद्धान्तिक अवधारणा

परिच्छेद तीन - नेपाली भाषा पाठ्यक्रम परम्पराको सङ्क्षिप्त अध्ययन

परिच्छेद चार - भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

परिच्छेद पाँच - उपसंहार, निष्कर्ष तथा सुझाव

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# परिच्छेद दुई
# पाठ्यक्रमको सैद्धान्तिक अवधारणा

## २.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो सङ्गठित ढाँचा हो; जसमा विद्यालय भित्र र विद्यालय बाहिरका समेत क्रियाकलापहरू समावेश भएका हुन्छन् । विद्यार्थी, समाज एवम् राष्ट्रका इच्छा, चाहना समावेश भएका हुन्छन् । पाठ्यक्रम भित्र सामाजिक र राष्ट्रिय आवश्यकता पूरा गर्न शिक्षक र विद्यार्थीद्वारा विद्यालयमा गरिने सम्पूर्ण कार्यहरूलाई समावेश गरिएको हुन्छ । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य, उद्देश्य पूरा गर्ने पाठ्यक्रम, पाठ्यांश अनुकूल अध्यापन विधि, शैक्षिक क्रियाकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन विधिहरू समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ ।

परम्परागत रूपमा विद्यार्थीहरूले कक्षाकोठा भित्र सिक्ने विषयको स्वरूपलाई पाठ्यक्रम भनी बुझिने गरिन्थ्यो तर वर्तमानमा पाठ्यक्रमलाई बालबालिकाको चौतर्फी विकासको माध्यमका रूपमा लिइन्छ । जसले विद्यालयको सम्पूर्ण जीवन र कार्यक्रमलाई जनाउँछ । यसमा सर्वप्रथम सिकारूको पहिचान र उमेरको अध्ययन गरी उनीहरुका सिकाइ आवश्यकताको निर्क्यौल गरिन्छ । उनीहरूको सिकाइ पृष्ठभूमि, तह, स्तर, समयावधि र सिकाइ प्रवृत्ति अनुसार आवश्यकता पूरा गरी शिक्षण उद्देश्यहरूको किटान गरी तिनीहरूलाई सुनिश्चित शिक्षणका रूपमा ढालेर पाठ्यक्रममा प्रस्तुत गरिएको हुन्छ । यसका अतिरिक्त पाठ्यक्रममा के कस्ता शिक्षणीय सामग्री तथा पूरक सामग्रीहरूको उपभोग गर्ने भन्ने कुराको पनि समुचित निर्देशन दिइएको हुन्छ । विद्यार्थीहरूमा के कस्ता व्यवहारिक परिवर्तनहरू आउन सके वा सकेनन् भन्ने कुराको जानकारी लिन र लेखाजोखा गरी राख्न तथा शिक्षणीय पुनरावलोकन गर्नका निम्ति आवश्यक मूल्याङ्कन प्रक्रियाको यथोचित निर्देशन गरिएको हुन्छ । समष्टिगत  रुपमा भन्नुपर्दा कुनै पनि शैक्षिक कार्यक्रमलाई सङ्गठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न तयार पारिएको विस्तृत शैक्षिक दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमलाई विभिन्न विद्वान् तथा शिक्षाविद्हरूले विभिन्न तरिकाले परिभाषित गरेका छन् । जसमध्ये केही शिक्षाविद् एवम् विद्वान्हरूका परिभाषालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

शर्मा एण्ड शर्मा, द्वारा लिखित **'शिक्षाको परिचय'** नामक पाठ्यपुस्तक (२०६९:५५) मा फ्रोवेलका अनुसार - पाठ्यक्रमलाई मानव जातिको सम्पूर्ण ज्ञान तथा अनुभवहरूको सारको रूपमा लिनु पर्दछ भनी परिभाषा दिइएको छ । त्यस्तै भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालद्वारा लिखित **'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्दति'** (२०६८:२) मा सेलर र एलेक्जेण्डरका अनुसार विद्यालय भित्र र बाहिरको परिवेशमा अपेक्षित उद्देश्य प्राप्ति गर्न गरिने यावत् प्रयासहरूलाई पाठ्यक्रम भनिन्छ भनिएको छ । शान्तिप्रसाद ढकालद्वारा लिखित **'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्दति'** (२०६७:४) मा युनेस्कोका अनुसार - शिक्षाका लक्ष्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकहरूद्वारा विद्यार्थीका निम्ति तयार पारेका योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ । त्यस्तै शर्मा एण्ड शर्माद्वारा लिखित **'शिक्षाको परिचय'** (२०६९:५५) मा कनिङ्घमका अनुसार - 'पाठ्यक्रम कलाकारका (शिक्षक) हातको एउटा औजार हो; जसका माध्यमबाट उसले आफ्नो स्टुडियोभित्र (विद्यालयभित्र) पदार्थलाई (विद्यार्थीलाई) आफ्नो विचारमा परिवर्तन गर्दछ । त्यसैगरी चिरञ्जिवी शर्माद्वारा लिखित **'पाठ्यक्रम एक मूल्याङ्कन'** (२०५८:४) मा हिल्डा टावाका अनुसार - विद्यालय भित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यार्थीद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भन्दछन् । त्यस्तै भोजराज ढुङ्गेल र दाहालद्वारा लिखित **'नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्दति'** (२०६८:३) मा इन्साक्लोपिडिया अफ एजुकेशनका अनुसार - पाठ्यक्रमले निश्चित लक्ष्यलाई समेट्दछ । यो विभिन्न राष्ट्रिय उद्देश्यहरूलाई ध्यानमा राखेर सम्पूर्ण विद्यार्थीको अनुभवलाई आधारमानी तयार पारिएको हुन्छ । यसमा विद्यालयभित्र र बाहिरका सम्पूर्ण कार्यकलापलाई लिएर तिनका अनुभवहरू सङ्गाली निर्देशन तयार गरिएको हुन्छ ।

उपर्युक्त विभिन्न विद्वान्हरूका परिभाषाहरूका आधारमा पाठ्यक्रमलाई शैक्षिक लक्ष्यसम्म पुग्नका निम्ति उद्देश्य, सामग्री, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका सम्पूर्ण योजना समाविष्ट भएको एवम् बालबालिकाका लागि सञ्चालन गरिने शिक्षण सिकाइ कार्यको बृहत् शैक्षिक दस्तावेज नै पाठ्यक्रम हो भन्न सकिन्छ ।

## २.२ भाषा पाठ्यक्रमको परिचय

भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । यसले सिकारूको बोध, विषयजन्य ज्ञान (सुनेर र पढेर बुझ्ने

क्षमता) र अभिव्यक्ति (देखेर, जानेर, बुझेर, सुनेर, बुझेका कुरा बोलेर र लेखेर प्रकट गर्ने क्षमता) को विकासका निम्ति गर्नुपर्ने सम्पूर्ण क्रियाकलालाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्दछ । भाषा पाठ्यक्रमले भाषिक सीप हासिल गर्ने कुरालाई विशेष महत्त्व दिन्छ ।

ढुङ्गेल र दाहालद्वारा लिखित **'नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्दति'** ( २०६१:४) मा उल्लेख भए अनुसार समाजमा घटित हुने सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषामा आधारित हुने भएकाले भाषाका माध्यमबाट व्यक्तिगत समस्या एवम् सामाजिक समस्या समाधान गरिन्छ । मानव जीवनमा भाषाको आवश्यकता वा उपयोगिता सामान्यतया निम्न क्षेत्रमा आधारित रहेको पाइन्छ ।

(क) दैनिक जीवनयापनका निम्ति विचार विनिमय गर्न ।

(ख) सामाजिक भूमिका निर्वाह गर्न

(ग) ज्ञान विज्ञानका विविध क्षेत्रहरूको जानकारी हासिल गर्न

(घ) विभिन्न पेशा एवम् व्यवसाय सञ्चालन गर्न

(ङ) विभिन्न विषयहरूको शिक्षण क्रियाकलापका माध्यमका रूपमा

(च) साहित्य तथा सिर्जनात्मक बोध र अभिव्यक्ति गर्न

(छ) फुर्सदको समय सदुपयोग गर्न आदि ।

माथिका विविध क्षेत्रमा उपयोगी हुने भाषामा दक्षता विकास गर्न सम्बन्धित भाषाको मानक रूप र शिष्ट रूपको सिकाइका साथै उक्त भाषाका आधारभूत सीप र कलामा निपूर्णता प्राप्त गराउने उद्देश्य भाषा पाठ्यक्रमले राख्दछ । भाषा पाठ्यक्रम निर्माण सम्बन्धित भाषा सिकेर जीवनका विविध आवश्यकताको परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य र सम्पादन गर्न सकोस् भन्ने मान्यताका आधारमा गरिन्छ । कुनैपनि भाषा योजनाबद्ध रूपमा प्रभावकारी हुने भएकाले भाषा सिकाइका निम्ति कार्यक्रमको आवश्यकता पर्दछन् । त्यसकारण भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जन गर्नका निम्ति गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रम अन्तर्गत पर्दछ । यसरी भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो; जुन भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सीप र कलासँग सम्बद्ध भाषिक कार्यकलापमा आधारित रही तयार गरिएको हुन्छ । जहाँ साधन र साध्य दुबै भाषा नै रहेको हुन्छ । यसले विषयवस्तुजन्य ज्ञानलाई साधनका रूपमा र त्यस साधनद्वारा भाषिक सीप प्राप्त गराउने कुरालाई मुख्य मुद्धा बनाउँछ ।

## २.३ भाषा पाठ्यक्रमका प्रमुख स्तम्भहरू/आधारहरू

भाषा पाठ्यक्रम सिकाइ सम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो; यसको अभावमा शिक्षण अव्यवस्थित एवम् श्रृङ्खलाहीन बन्न पुग्छ । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्ग दर्शनको काम गर्दछ । यस्तो उद्देश्य बोकेको भाषा पाठ्यक्रम के - कसरी निर्माण गर्दा अपेक्षित उद्देश्यहरू पूरा गरी निश्चित लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु पर्दछ । पाठ्यक्रमले विद्यार्थीहरूमा ज्ञान, सीप र धारणाहरूको विकास गर्न सहयोग पुऱ्याउनु पर्दछ । यसका लागि भाषा पाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइ सिद्वान्त, विद्यार्थीको आवश्यकता र रूचीको साथसाथै भाषा पाठ्यक्रम निर्माणका अङ्ग वा स्तम्भहरूको सङ्गठित प्रस्तुतिक्रम आदि जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दछ । यसरी भाषा पाठ्यक्रम निर्माण गर्दा यसका प्रमुख आधार स्तम्भहरूमा आधारित भएर क्रमबद्व रूपमा गरिनु पर्दछ । यस रूपमा भाषा पाठ्यक्रमका प्रमुख अङ्गका रूपमा विभिन्न विद्वान्हरूले उल्लेख गरेका भाषा पाठ्यक्रमका प्रमुख स्तम्भहरू दृष्टिगत गरी निष्कर्षतः भाषा पाठ्यक्रममा रहनुपर्ने महत्त्वपूर्ण अङ्गहरूको सङ्क्षिप्त परिचय यस शीर्षकमा दिइएको छ ।

### २.३.१ आवश्यकताको विश्लेषण

पाठ्यक्रमले व्यक्ति र समाजका आवश्यकताहरू समेट्नु पर्दछ । विद्यार्थी जुन समाजमा रहन्छ, त्यस समाजका आवश्यकताहरूको पहिचान, विश्लेषण तथा निदान नगरी कुनै पनि पाठ्यक्रम निर्माण गरेमा निर्मित पाठ्यक्रम सैद्धान्तिक रूपमा मात्र सीमित भई व्यवहारिक रूपमा कार्यान्वयन हुन सक्दैन । भाषा पाठ्यक्रम निर्माण गर्दा आवश्यकताको पहिचान गरेर विद्यार्थी र समाजको आवश्यकताको उपयुक्त निदान गर्न सकिने खालका उद्देश्यहरू छनौट गर्नुपर्दछ । भाषा पाठ्यक्रमका सम्बन्धमा आवश्यकता अन्तर्गत लक्षित समूहको भाषा सिक्ने कारण पर्दछ । विद्यार्थीको भाषा सिक्ने कारण पत्ता लगाई त्यसका आधारमा भाषा पाठ्यक्रमको निर्माण गरिनु पर्दछ ।

### २.३.२ उद्देश्यको निर्धारण

आवश्यकताको पहिचान र विश्लेषण गरेपछि दोस्रो चरणमा उद्देश्य निर्धारण गर्नुपर्दछ । उद्देश्य निर्धारण गर्दा लक्षित समूहका भाषिक आवश्यकता, पृष्ठभूमि, स्तर, योग्यता, रुची, र सिकाइ प्रवृत्तिहरूलाई विचार गर्नु पर्दछ । यसका साथै भाषिक सीपहरूको प्रवर्द्धनमा सहायक हुने खालका भाषिक विषयवस्तु, पाठ्यसामग्री, पुरक सामग्रीहरू, शिक्षण विधि/ प्रक्रिया र मूल्याङ्कन

प्रक्रियालाई सुस्पष्ट मार्ग निर्देशन गर्न सक्ने गरी भाषिक उद्देश्यहरू निर्धारण गर्नु पर्दछ । उद्देश्य निर्धारण गर्दा महŒवाकाङ्क्षी नभई स्पष्ट, परीक्षणीय, मापनयोग्य, दोहोरो अर्थ नलाग्ने खालका तथा व्यावहारिकतामा जोड दिनु  पर्दछ । भाषा पाठ्यक्रममा भाषिक सीपहरूको अन्तर्सम्बन्धित शिक्षण गरिनु उपयुक्त हुने हुनाले त्यसै अनुकूल उद्देश्यहरूको छनौट गरिनु पर्दछ ।

## २.३.३ पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम

भाषिक आवश्यकताको पहिचान गरेर त्यसैका आधारमा निर्धारित लक्ष्यहरूको व्यवहारिक कार्यान्वयन तथा उचित पाठ्यवस्तुको निर्धारण हुन्छ । तसर्थ पाठ्यवस्तुको निर्धारण गर्दा माथिका आवश्यकताको विश्लेषण पश्चात् तय गरिएको उद्देश्य अनुरूप हुनेगरी गर्नुपर्दछ । यस रूपमा पाठ्यसमय, सीमा, कक्षा, तह, स्तर, उमेर, रुची आदिका साथै भाषा पाठ्यक्रमको प्रवृत्तिलाई समेत ध्यान दिनु पर्दछ । भाषा पाठ्यक्रममा विषयवस्तुको छनौट गर्दा विषयवस्तुलाई भाषिक सीप विकासका निम्ति विभिन्न विधा र उपविधामा वर्गीकरण गरी अभ्यास गराउन सकिने बनाउनु पर्दछ । यसरी छनौट गरिएका सामग्रीहरूलाई उपयुक्त एवम् व्यवस्थित शिक्षणक्रममा समावेश गरिएको हुनुपर्दछ । विषयवस्तु सिकाइको मनोवैज्ञानिक र व्यवस्थित अनुरूपमा सामान्यतया क्रमशः सरलदेखि जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त, प्रत्यक्षबाट अप्रत्यक्ष, विशेषबाट सामान्यक्रममा राखिनु पर्दछ । भाषा पाठ्यक्रमको पाठ्यवस्तु भाषा सिकाउने प्रयोजनका निम्ति हुने भएकाले यसमा विषयवस्तुको बोझ हुनुहुँदैन ।

## २.३.४ शिक्षण प्रक्रिया

शिक्षण प्रक्रिया भनेको तोकिएको विषयवस्तु एवम् पाठ्यवस्तुलाई उद्देश्य अनुरूपका उपलब्धी प्राप्त गराउने विधि-प्रविधि र त्यसै अनुरूपका शिक्षण सामग्रीहरूको उपयोग र उपादेयता सम्बन्धी कार्यकलाप हो । कुनैपनि पाठ्यक्रमको निर्माण वा विकास गर्दा विषयवस्तुको प्रकृति तथा उद्देश्यहरूको छनौट भएपछि गरिएको पाठ्यवस्तु चयनलाई विद्यार्थी प्रभावक तŒवहरू, सिकाइ स्थानान्तरण प्रक्रिया तथा बाल विकासका आधारभूत सिद्धान्त सापेक्ष बनाउनका निम्ति शैक्षिक प्रक्रियाको महŒवपूर्ण भूमिका हुन्छ । भाषा पाठ्यक्रम सीपसँग सम्बद्व पाठ्यक्रम भएकोले यसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासका निम्ति सञ्चालन गरिने विधिहरू शिक्षण प्रक्रियामा निश्चित गरिनु पर्दछ । शैक्षिक प्रक्रिया मूलतः विद्यार्थी केन्द्रित हुनुपर्छ । विद्यार्थीको रूची जगाउने

खेलविधि, अभिनय विधि तल्ला कक्षाहरूमा प्रयोगमा ल्याउनु पर्दछ । माथिल्ला कक्षाहरूमा व्याख्यान विधि, प्रयोगात्मक विधि, छलफल, अन्तर्क्रियात्मक जस्ता विधिको प्रयोग गर्नु पर्दछ पाठ्यवस्तु र विधामा गरिने क्रियाकलाप, त्यसको क्रम, शिक्षकको भूमिका, विद्यार्थीको उपस्थिति र शिक्षण प्रक्रिया पनि स्पष्ट गरिनु पर्दछ ।

### २.३.५ मूल्याङ्कन प्रक्रिया

पाठ्यवस्तुमा समेटिएका विभिन्न विषयवस्तुहरू, उद्देश्य तथा शिक्षण प्रक्रियाहरू समाजको आवश्यकतामा आधारित विद्यार्थी केन्द्रित तथा समयसापेक्ष छ वा छैन भन्ने कुराको निर्णय गर्ने महŒवपूर्ण आधार नै मूल्याङ्कन हो । मुख्यतया मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमका हुन्छन् । भाषा पाठ्यक्रमले सीपमूलक हरेक पक्षको सान्दर्भिक मूल्याङ्कन विधिबारे स्पष्ट पार्नुपर्दछ । त्यसैगरी भाषिक उद्देश्य र अपेक्षाहरू प्रभावकारी ढङ्गले प्राप्त गर्न मूल्याङ्कन प्रक्रियामा विविधता र उपयुक्त निर्देशन दिनुपर्दछ । पाठ्यक्रम निर्माण तथा विकास गर्दा मूल्याङ्कन प्रक्रिया, पाठ्यक्रम सुधार, स्तर, तह, उमेर, क्षमता, वातावरणीय पक्ष, आवश्यकता र उपयुक्तता अपरिहार्य मानिन्छ । भाषा पाठ्यक्रमका सन्दर्भमा मूल्याङ्कन प्रक्रियाको कुनै पनि तहमा राखिएको विषयवस्तु विद्यार्थी/सिकारू सापेक्ष छ वा छैन भन्नेबारे जानकारी गराउँदै त्यसलाई विद्यार्थीमूलक बनाउन उपयोगी भूमिका खेल्दछ ।

## २.४ भाषा पाठ्यक्रमको महत्त्व र उपयोगिता

भाषाको शिक्षण भनेको कला र सीपसम्बद्ध अभ्यासात्मक विषय हो । अन्य विषयहरू सीपमूलक नभएर बढी ज्ञानमूलक हुन्छन् । सीप विकासका दृष्टिले भाषा पाठ्यक्रमको बेग्लै महत्त्व रहेको हुन्छ । यस भाषा पाठ्यक्रमको महत्त्व र उपयोगितालाई निम्नानुसारका बुँदाहरूद्वारा स्पष्ट पार्न सकिन्छ -

(१) विद्यार्थीले भाषा कुन प्रयोजनको लागि सिक्दैछ, त्यस क्षेत्रमा उपयोगी हुने ज्ञान प्रदान गर्न सङ्गठित र योजनाबद्ध कार्यक्रम प्रस्तुत गरी सिकाइ सन्दर्भमा भाषा पाठ्यक्रम महत्त्वपूर्ण हुन्छ ।

(२) भाषिक लक्ष्य पूरा गर्न शिक्षक र विद्यार्थी दुबैले गर्नुपर्ने विभिन्न क्रियाकलापको ज्ञान हासिल गर्न भाषा पाठ्यक्रम उपयोगी हुन्छ ।

(३) शिक्षकलाई भाषिक सीप शिक्षण गर्नका लागि योजना बनाउन र विद्यार्थीको भाषिक सीप शिक्षणका विषयवस्तु सिक्न आवश्यक पाठ्यवस्तु र सन्दर्भ सामग्रीको जानकारी हासिल गर्न भाषा पाठ्यक्रम आवश्यक हुन्छ ।

(४) भाषिक सीप आर्जन गर्न उपयागी हुने विभिन्न शिक्षण सामग्री मूल्याङ्कन प्रक्रियाका विषयमा जानकारी हासिल गर्न भाषा पाठ्यक्रम उपयोगी हुन्छ ।

(५) भाषा पाठ्यक्रम पाठ्यपुस्तक लेखक, भाषिक सीप मूल्याङ्कन कर्ताका निम्ति आधारभूत सामग्री हो । यसमा आधारित भई भाषा पाठ्यपुस्तक लेखक र मूल्याङ्कनकर्ता आफ्नो कार्य सम्पन्न गर्दछन् ।

नेपालको शैक्षिक गतिविधिले संस्थागत स्वरूप ग्रहण गर्नुपूर्व पाठ्यक्रमलाई कक्षा कोठाभित्र सिक्ने विषयको रूपमा सीमित गरिएको थियो । समयको माग एवम् परिवर्तनसँगै आएर पाठ्यक्रमको परिभाषामा व्यापक परिवर्तन आएको छ । विभिन्न विद्वान्हरूले फरक-फरक रूपमा पाठ्यक्रमलाई चिनाउँदै आएका छन् । सामान्यतया पाठ्यक्रम भन्नाले शैक्षिक लक्ष्य प्राप्तिका लागि उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन विधि समाविष्ट भएको शिक्षण सिकाइ कार्यको योजना भन्ने बुझिन्छ । त्यसैगरी भाषा पाठ्यक्रम भन्नाले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) प्राप्तिका लागि तय गरिएको योजनाबद्ध कार्यक्रम हो । यसको निर्माणका रूपमा सर्वप्रथम आवश्यकताको पहिचान र विश्लेषण गरिन्छ । विश्लेषित आवश्यकताका आधारमा उद्देश्य पूरा गर्नका लागि विषयवस्तुको चयन गरी विविध विधाका रूपमा प्रस्तुत गरिन्छ । विधा अनुसारका उपयुक्त शिक्षण सामग्री तथा कार्यकलाप निर्देश गर्दै उद्देश्य प्राप्ति भयो वा भएन भन्ने जानकारी लिनका लागि मूल्याङ्कन प्रक्रिया समाविष्ट गरिन्छ । यसरी भाषा पाठ्यक्रमका प्रमुख अङ्गका रूपमा उद्देश्य, विषयवस्तु, विधाको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया रहेका हुन्छन् भने अन्य विषयका पाठ्क्रममा पनि यिनै अङ्गहरू नै प्रमुख रूपमा रहेका हुन्छन् । भाषा पाठ्यक्रममा हरेक अङ्गहरू विषयजन्य ज्ञानभन्दा पनि भाषिक सीप सम्बद्ध हुन्छन् भने अन्य विषयका पाठ्यक्रममा यी अङ्गहरू सम्बन्धित विषयको विषयजन्य ज्ञान पक्षसँग सम्बन्धित हुन्छन् । भाषा पाठ्यक्रममा भाषा नै साध्य एवम् साधन रहेको हुन्छ भने अन्य विषयका पाठ्यक्रममा भाषा साधन र विषयजन्य ज्ञान साध्य रहेको हुन्छ । त्यसै गरी अन्य विषयका पाठ्यक्रममा विषयगत एकोन्मुखता पाइन्छ भने भाषा पाठ्यक्रममा विधागत विविधता हुन्छ । यस आधारमा अन्य विषयको पाठ्यक्रमभन्दा पाठ्यक्रम नितान्त पृथक् हुन्छ ।

## २.५ निष्कर्ष

यस परिच्छेदमा भाषा पाठ्यक्रमको सैद्धान्तिक अवधारणाहरूका सम्बन्धमा उल्लेख गरिएको छ; जसका निम्ति चारवटा शीर्षक तथा एउटा शीर्षकको पाँच उपशीर्षकहरू चयन गरिएको छ। पाठ्यक्रमको परिचय शीर्षकअन्तर्गत विभिन्न विद्वान्हरूका परिभाषाहरूलाई समेटिएको छ। भाषा पाठ्यक्रमको परिचयअन्तर्गत भाषा पाठ्यक्रम के हो भन्ने बारेमा प्रष्ट पार्नुका साथै मानवमा भाषाको आवश्यकताका बारेमा समेत उल्लेख गरिएको छ। भाषा पाठ्यक्रमका प्रमुख स्तम्भ/आधारहरू शीर्षकमा विभिन्न उप-शीर्षकहरू आवश्यकताको विश्लेषण, उद्देश्यको निर्धारण, पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिकरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रियाहरू उल्लेख गरिएको छ। भाषा पाठ्यक्रमको महत्त्व र उपयोगिता शीर्षकअन्तर्गत भाषा पाठ्यक्रमको के कस्तो महत्त्व तथा उपयोगिता रहेको छ भन्ने बारेमा बुँदागत रूपमा उल्लेख गरिएको छ। भाषा पाठ्यक्रममा भाषा नै साध्य र साधन हुन्छ भने अन्य विषयका पाठ्यक्रममा विषयवस्तु साध्य र भाषा साधनका रूपमा रहेको हुन्छ। भाषा पाठ्यक्रमले भाषिक सीपमा जोड दिएको हुन्छ।

# परिच्छेद तीन

# नेपाली भाषा पाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन

## ३.१ नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक परम्परा

नेपाली भाषाले आज राष्ट्रभाषा तथा सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्राप्त गरेको छ । यसको लिखित रूप एघारौं शताब्दीबाट शुरू भएतापनि सोह्रौं शताब्दीसम्म अभिलेखको रूपमा मात्र रहेको पाइन्छ । पृथ्वीनारायण शाहको पालामा नेपाली भाषाले एकमात्र राजकीय भाषाको रूपमा मान्यता प्राप्त गरेको थियो । नेपालको एकीकरणसँगै नेपाली भाषाले पनि जनताको साझा र सम्पर्क भाषा हुने अवसर प्राप्त गऱ्यो ।

### ३.१.१ भाषा पाठशालाको स्थापना - १९५८

नेपाली भाषालाई विद्यालयमा पढाइने कार्यको थालनी राणा प्रधानमन्त्री देवशमशेरको शासनकालबाट मात्र प्रारम्भ भएको हो । यसभन्दा पूर्व संस्कृत शिक्षाा जल्दोबल्दो थियो भने अर्कोतर्फ दरबारीय माध्यमबाट अंग्रेजी शिक्षा मौलाएको थियो । यसै परिस्थितिका बीच देवशमशेरले वि.सं. १९५८ मा भाषा पाठशालाहरु खोले । उनलाई उक्त कार्यमा प्रेरणा र साथ दिने बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंह, जसले नेपाली भाषाको पहिलो पाठ्यपुस्तक, **'अक्षराङ्क शिक्षा'** लेखेका थिए । जयपृथ्वीले भारतमा अंग्रेजी शिक्षा पद्दतिले शिक्षा एवम् हिन्दी भाषामा पारेको प्रभावलाई निकटबाट नियालेका थिए । त्यसैले उनले नेपालमा  नेपाली भाषाकै माध्यमबाट शिक्षा प्रदान गरी देशभक्तिको भावना विकास गराउने ध्येयले नेपाली भाषालाई जोड दिए । देवशमशेरले यी देशभक्त सम्बन्धी विचारहरू मनन गरी जनताको चाहना तथा राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखी शिक्षा दिने योजना बनाए । उनले आफ्नो शासनकालमा देशको शिक्षा व्यवस्थामा समसामयिक सुधार तथा शिक्षालाई सर्वसुलभ बनाउनको निम्ति नेपाली भाषाको ज्ञान तथा यसको विकासको निम्ति यसलाई शिक्षणीय विषय र माध्यमका रूपमा भित्र्याए । उनको शासनकालमा खुलेका पाठशालाहरूमा नेपाली भाषालाई प्राथमिकता दिई नेपाली भाषाका माध्यमबाट पढाइ शुरू भएको हुँदा ती पाठशालाहरूको नाम भाषा पाठशाला रहेको छ (शर्मा, २०३४ : ७७) । भाषा पाठशालाहरूमा पढाउनको निम्ति लेखिएको पुस्तक **"अक्षराङ्क शिक्षा"** हो, यसका लेखक जयपृथ्वीबहादुर सिंह हुन् । यसरी सरकारका तर्फबाट देवशमशेरले गरेको साहसिक कार्यले नै नेपाली भाषाले नेपालको शैक्षिक

इतिहासमा औपचारिक रूपले शिक्षण संस्थामा पहिलो पटक प्रवेश पाएको हो । यसै कारणले भाषा पाठशाला नै नेपाली भाषाको प्राथमिक स्तरको पठनपाठन र संस्थागत शैक्षिक विकासको कोशेढुङ्गा सावित भएको छ ; जसका कारणले नेपाली भाषाको विकास, प्रचार प्रसार हुनुका साथै आम नेपालीमा यसको महत्त्व र आवश्यकता बोध भएको कुरा स्वत : बुझ्न सकिन्छ ।

नेपालको शैक्षिक परम्पराको इतिहासलाई केलाउँदा संस्कृत र बौद्ध शिक्षा प्रचलनमा रहेको पाइन्छ । हिन्दु समाजमा संस्कृत शिक्षा निकै लामो समयसम्म अस्तित्वमा रह्यो । यसैको परिणामस्वरूप देशका विभिन्न भागमा संस्कृत पाठशालाा स्थापना भएका हुन् ।

### ३.१.२ स्रेस्ता पाठशाला र जाँच पास अड्डा - १९६७

नालायक एवम् क्रुर राणा प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा सरकारी कार्यालयहरूमा साधारण हर हिसाब तथा लेखापढी गर्ने कर्मचारी पूर्ति तथा प्रशिक्षणको उद्देश्य लिएर खोलिएका स्रेस्ता पाठशाला १९६३ मा पनि शैक्षिक माध्यमका रूपमा नेपाली भाषालाई उपयोग गरेको पाइन्छ । यसबाट पनि नेपाली भाषाको प्रयोग तथा विस्तारमा महत्त्वपूर्ण टेवा पुगेको पाईन्छ । स्रेस्ता पाठशालाका प्रशिक्षार्थी तथा प्राइवेट जाँच दिन चाहनेहरूको सुविधाको लागि वि.सं. १९६७ मा जाँच पास अड्डा खोलिएको थियो । स्रेस्ता पाठशाला र जाँच पास अड्डामा पास व्यवस्थामा तह निर्धारण गरिएको थियो । नेपाली लेखन र गणित पास गरे २ पास, नेपाली स्रेस्ता प्रणाली र नेपाली ऐन पास गरेमा ४ पास, नेपाली साहित्य र भूगोल पास गरेमा ६ पास मानिन्थ्यो । त्यसबेला एघार पास सम्मको व्यवस्था थियो । ६ पास गर्नुलाई निजामति प्रथम र एघार पासलाई निजामति मध्यमा मानिन्थ्यो (अधिकारी, २०५९ : ४) । यसपछि वि.सं. १९९३ सालमा २२ सदस्यीय शिक्षा समिति गठन भयो र १९९४ सालमा स्रेस्ता पाठशालाको नियमावलीका साथै प्राथमिक स्कुलको पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षाका निम्ति प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन विधि, केन्द्राध्यक्षको कर्तव्य तथा उत्तरदायिŒव र उत्तर पुस्तिका परीक्षण गर्ने तरिका समेत उल्लेख गरिएको थियो ।

यसै क्रममा वि.सं. १९९४ सालमै स्रेस्ता पाठशाला र जाँच पास अड्डाको निजामति परीक्षाका लागि नेपाली भाषा पाठ्यक्रममा सुधार गरियो । सुधार गरिएको पाठ्यक्रम अनुसार “क” र “ख” गरी दुई समूहमा विभाजन गरी “क” समूह अन्तर्गत श्रुतिलेख र नेपाली स्रेस्ता तथा “ख” समूह अन्तर्गत नेपाली साहित्य र व्याकरण विषय राखिएको थियो (पौडेल, २०५२ : ४३) ।

### ३.१.३ आधार शिक्षा - २००४

आधार शिक्षा वि.सं. २००४ सालमा स्थापित भएर विद्यालय शिक्षाको माध्यम विदेशी भाषा नभएर राष्ट्रभाषालाई पठन पाठनको माध्यम बनाउने कुरामा मुख्य जोड दिइयो । यसलाई नेपाली भाषा पाठ्यक्रमको विकास तथा विस्तारमा महत्त्वपूर्ण प्रयास मानिन्छ ।

### ३.१.४ राष्ट्रिय शिक्षा योजना आयोग - २०११

हुकुमी एवम् जहानिया १०४ वर्षे राणा शासनको अन्त्य भई प्रजातन्त्रको अभ्युदय भएपछि शिक्षामा रहेका कठिनाइहरूलाई निराकरण गर्न, ठोस नीतिगत सुझाव दिन, राष्ट्रिय शिक्षा योजना आयोग २०११ को स्थापना भएको हो । यस आयोगले नेपाली भाषा पाठ्यक्रमका सन्दर्भमा पनि सुझाव प्रदान गरेको छ । यस प्रतिवेदनले नेपाली भाषा पाठ्यक्रमका बारेमा उल्लेख गरेका कुराहरूलाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- नेपाली भाषा लेखापढीको मुख्य माध्यम हो ।
- नेपाली भाषालाई राष्ट्रभाषा र माध्यम भाषाका रूपमा सिकाउनु पर्छ ।
- नेपाली भाषा भाषिक दक्षता र कुशलतामा जोड दिई सिकाउनु पर्दछ ।
- आफ्नो भाषा, साहित्य पुर्ख्यौली सम्पत्तिको कदर गर्न, आनन्द लिन र विकास गर्न पनि पढ्नु पर्दछ ।
- नेपाली भाषाको शिक्षाले ध्यानपूर्वक सुन्नु, धाराबाहिक तर प्रसंगानुकूल र छोटकरीमा बोल्नु, बुझेर छिटो पढ्नु र ओजस्वी भाषामा भाव व्यक्त गर्ने गरी लेख्नु जस्ता मुख्य ४ सिद्धान्तमा सिपालु गराउनु पर्दछ ।
- नेपाली भाषा, सोंचाइ, बोलचाल र लेखापढीको माध्यम भएकाले यसमा उच्च स्तरको क्षमता हासिल गराउने दृष्टिकोण राखेर सिकाइ गर्नुपर्दछ ।
- नेपाली भाषा किन, के र कसरी सिकाउनु पर्दछ भन्ने कुरा निर्देशिकाका रूपमा समेत देखाउनु पर्दछ ।
- जति गरेपनि नछुट्ने मूल शब्द शुद्ध गर्नलाई व्याकरणको रचना अध्ययन गराउनु पर्दछ ।

### ३.१.५ सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति - २०१८

नव प्रवेशीको रूपमा आएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अन्त्य गरी २०१७ सालमा दल विहीन पञ्चायती तानाशाही व्यवस्थाको लागू गरिएपछि यसै व्यवस्था सुहाउँदो शिक्षा प्रणाली शुरु गर्ने ध्येयले वि.सं. २०१८ बैशाख २५ गते श्री ५ महेन्द्रबाट तत्कालीन शिक्षा मन्त्री विश्ववन्धु थापाको अध्यक्षतामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । यस समितिले रा.शि.यो.आ. २०११ को सिफारिसलाई नै सामान्य सुधार गरी केही मात्रामा थपघट गरी कार्यान्वयन गर्ने पक्षमा जोड दिएको थियो । प्रस्तुत प्रतिवेदनमा शिक्षा व्यवस्थाको सुधारको निम्ति प्रा.वि. र मा.वि. दुवै तहको पाठ्यक्रममा संशोधन एवम् परिमार्जन गरी नयाँ रूप दिने काम भए पनि नेपाली भाषा पाठ्यक्रम सम्बन्धी दुईवटा सुझाव मात्र नयाँ देखिन्छन् (पौडेल, २०५२ : ४५) ।

क) सबै प्राथमिक विद्यालयहरूमा अरू भाषा पढाउँदा बाहेक हरेक विषयमा शिक्षाको माध्यम नेपाली भाषा नै हुनु पर्दछ ।

ख) प्राथमिक विद्यालय तहको भाषिक उद्देश्यहरूको निर्धारण गर्नु ।

### ३.१.६ राष्ट्रिय शिक्षा पद्दतिको योजना - २०२८

शैक्षिक इतिहासमा रा.शि.प.यो. २०२८ एक क्रान्तिकारी कदम हो । यसले विद्यालय र विश्वविद्यालयीय संरचनामा आमूल परिवर्तन गऱ्यो । यस योजनाले प्रत्येक तहका निम्ति अलग-अलग पाठ्यक्रम निर्माण गऱ्यो । यस योजना अनुसार निर्माण भएका तहगत पाठ्यक्रममा राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, कक्षागत उद्देश्य, विधाको क्षेत्र र क्रम, भाषा तŒव, अङ्क विभाजन, समय विभाजन र प्रत्येक कक्षाका विषयवस्तुको छनौट व्यापक रूपमा प्रस्तुत गरेको छ । यस्ता पक्षहरूको आधारमा विश्लेषण गर्दा यो पाठ्यक्रम निकै वैज्ञानिक एवम् शैक्षिक क्षेत्रमा कोशेढुङ्गा नै सावित  हुन्छ । बुँदागत रूपमा नेपाली भाषा पाठ्यक्रम सम्बन्धी रा.शि.प.यो. २०२८ का प्रमुख विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

- तहगत, साधारण, विशिष्ट र कक्षागत उद्देश्यहरूको निर्धारण
- क्षेत्र र क्रमको निर्धारण
- विषयवस्तुको छनौटमा विधा र क्षेत्रको उल्लेख
- कुशलताक्रमको निर्धारण

- भाषाको पुरकको रूपमा व्याकरण सिकाउने दृष्टिकोण
- भाषिक सीप विकासमा अत्यधिक जोड, आदि ।

### ३.१.७ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन - २०४९

नेपालमा बहुदलीय व्यवस्थाको पुर्नस्थापना २०४६ सालमा भयो । त्यसबेला प्रत्यक्ष अप्रत्यक्ष रूपमा क्रियाशील रहेको रा.शि.प.यो.प्रति प्रश्न चिन्ह उठाउँदै देशमा शिक्षाका क्षेत्रमा व्यापक सुधार गर्नु पर्ने महशुस गरियो । हुनत रा.शि.प.यो. २०२८ को मूल रूपलाई मध्यावधि मूल्याङ्कन तथा पूर्णावधि मूल्याङ्कनद्वारा केही संशोधन गरिसकिएको थियो । ती मूल्याङ्कनका आधारमा पाठ्यक्रम योजना २०३८ लागू गरी विद्यालयको संरचना तथा पाठ्यक्रममा परिवर्तन गरिएको थियो । रा.शि.आ. २०४९ को प्रतिवेदन पश्चात् विद्यालयको शैक्षिक संरचनामा परिवर्तन आएको देखिन्छ । यस प्रतिवेदनले प्राथमिक शिक्षालाई १-५ र माध्यमिक शिक्षालाई ६-१० मानेको छ । यसमा २०२८ को नेपाली भाषाले ३०० पूर्णाङक पाएकोमा रा.शि.आयोगको प्रतिवेदन २०४९ मा निकै कटौती गरी प्रतिकक्षा १०० पूर्णाङकमा सीमितिकरण गरिएको छ ।

## ३.२ माध्यमिक तहको नेपाली  भाषा पाठ्यक्रमको परम्परा

वि.सं. १९९० सालमा एस्.एल्.सी. बोर्डको स्थापना भएपछि एस्.एल्.सी. सम्मको पाठ्यक्रममा विदेशी विश्वविद्यालयको परनिर्भरता घटेको पाईन्छ । यसले गर्दा उक्त तहसम्म नेपाली भाषाको समावेशका लागि मार्ग प्रशस्त भएको हो । यस सन्दर्भमा पाठ्यक्रम संशोधन र परिमार्जन हुँदै गयो । यसमा भर्नाकुलर, रचना पत्र र अतिरिक्त गरी जम्मा ३०० पूर्णाङ्कको नेपाली विषय लिन सकिने व्यवस्था थियो । फलस्वरूप विद्यालयका उच्च कक्षामा समेत नेपाली माध्यमबाट पठन पाठनको औपचारिक शुरूवात भएको पाईन्छ । त्यसपछि वि.सं. २००१ को संशोधनमा भर्नाकुलर र रचनापत्रमा कुनै छनौट नदिएर नेपालीलाई अनिवार्य गराइएको पाईन्छ । २००५ मा नेपाली विषयलाई अनिवार्य गराइनुको सट्टा नेपाली वा हिन्दी लिन सकिने व्यवस्था भएको थियो । २००८ मा प्रारम्भिक नेपाली भनी ५० अङ्कको अनिवार्य नेपाली र पूर्वीय भाषाका रुपमा ऐच्छिक नेपालीको व्यवस्था गरिएको पाइन्छ । यसरी एस्.एल्.सी. मा नेपाली भाषाको यही व्यवस्था नै २०२८ सालसम्म कायम रहेको थियो ।

वि.सं. २००४ सालमा व्यवसायिक सीप तथा हस्त कौशलको विकासमा जोड दिने गन्धीवादी शैक्षिक दर्शनमा आधारित **"आधार शिक्षा"** को सुरूवात भयो । यसमा मातृभाषालाई शिक्षणको माध्यम बनाइएको थियो । आधार शिक्षाका माध्यमिक तहमा एक पत्र नेपाली पढाउने व्यवस्था थियो । यो शैक्षिक गतिविधि नेपाली भाषालाई महत्त्व दिने तथा यसलाई पठन पाठनको माध्यम बनाउने दृष्टिले महŒवपूर्ण तथा उल्लेखनीय रूपमा देखा पर्दछ । वि.सं. २००७ सालको ऐतिहासिक परिवर्तन पछि राष्ट्रिय दृष्टिकोणले शिक्षा विकासको सुव्यवस्थित बाटो पहिल्याउने दिशाका रूपमा 'नेपाल राष्ट्रिय शिक्षा योजना आयोग' को गठन गरियो । यसले देशका विभिन्न क्षेत्रको अध्ययन, भ्रमण र गोष्ठीका आधारमा २०११ सालमा विभिन्न तहमा शिक्षा कस्तो छ ? के परिवर्तन गर्न आवश्यक छ ? भन्ने कुरा स्पष्ट पार्दै "नेपालमा शिक्षा" नामक प्रतिवेदन प्रस्तुत गर्नुका साथै प्राथमिक र माध्यमिक तहका लागि पाठ्यक्रमको पनि प्रस्ताव गरेको छ । यसले नेपाली भाषा सर्वसाधारण नेपालीको सोंचाइ, बोलिचाली र लेखापढीको माध्यम भएको कुरा उल्लेख गरेको छ ।

वि.सं. २०२८ सालमा नेपालको शैक्षिक इतिहासमा एउटा युगान्कारी परिवर्तनशील कदमको सुरूवात भयो । रा.शि.प.यो. २०२८ लागू भएपछि यसले विद्यालय तहमा मात्र नभई उच्च तहमा समेत परिवर्तन ल्यायो । प्रत्येक तहका लागि छुट्टाछुट्टै पाठ्यक्रम निर्माण भयो । मा.वि. तहमा नेपाली भाषाले विद्यालयको १२% (प्रतिशत) समय पाएको देखिन्छ । २०२८ को पाठ्यक्रमले सर्वप्रथम पाठ्यांश परिचय, साधारण उद्देश्य, भाषिक सीपगत उद्देश्य, विधाको क्षेत्र, मूल्याङ्कनका प्रक्रिया जस्ता स्तम्भहरूलाई समेटी पाठ्यक्रमलाई नयाँ ढाँचामा प्रस्तुत गरेकाले पुरानो पाठ्यक्रमको तुलनामा यस पाठ्यक्रममा वैज्ञानिकपन भेटाउन सकिन्छ । माध्यमिक नेपाली पाठ्यक्रममा पाठ्यभार ६ र पूर्णाङ्क १०० नै कायम गरेको पाइन्छ । त्यसबेला ऐच्छिक नेपालीका निम्ति छुट्टै पत्र लिन सकिने समेत व्यवस्था भएको पाइन्छ । त्यस्तै राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरे अनुसार माध्यमिक तहको पाठ्यक्रममा परिमार्जन गरी लागू भएको पाइन्छ ।

### ३.२.१ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ को संक्षिप्त परिचय

आज प्रादुर्भाव भएको ज्ञानले मात्र भोलिको समस्या समाधान गर्न गाऱ्हो हुन्छ । विश्वमा भएको नयाँ-नयाँ ज्ञानको विस्फोटले ल्याएको सकारात्मक परिवर्तनका कुराहरूलाई समय सापेक्ष विद्यार्थीहरूलाई ज्ञान दिलाउनको लागि पाठ्यक्रममा समावेश गरिनुपर्ने हुनाले पाठ्यक्रमको निर्माण

तथा विकास गर्नु आवश्यक हुन्छ । विद्यालय तहको पाठ्यक्रमहरूलाई जन-आकाङ्क्षानुरूप एवम् राष्ट्रिय परिवर्तित सन्दर्भानुकूल समसामयिक परिवर्तन गर्न उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सिफारिस गरे अनुसारको विषयहरूमा नयाँ पाठ्यक्रम निर्माण गर्ने कार्य स्वरूप तत्कालिन श्री ५ को सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले माध्यमिक शिक्षा विकास परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा उक्त २०५५ को भाषा निर्माण गरी कार्यान्वयनमा ल्याएको हो । किनकी पाठ्यक्रम एकपटक निर्माण गरेर मात्र पुग्दैन । यसमा गरिने सुधारको कार्य अनवरत रूपमा चलिरहने प्रक्रिया हो ।

यस भाषा पाठ्यक्रम (२०५५) ले कक्षा ९ र १० लाई माध्यमिक तह मानेको छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य एवम् माध्यमिक तहका तहगत उद्देश्यहरू २०४९ को पाठ्यक्रमले तय गरिएकालाई नै हुबहु उल्लेख गरी समावेश गरिएको छ । यस पाठ्यक्रममा तीनतहका माध्यमिक विद्यालयको ढाँचाका सम्बन्धमा प्रष्ट्याएको छ । यसमा मुख्य गरी परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य अन्तर्गत भाषिक सीप, विधाको क्षेत्र, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया गरी जम्मा ६ वटा प्रमुख स्तम्भहरू समावेश गरिएको छ । यसको परिचय खण्डमा भनिएको छ - विद्यालय तहमा नेपाली भाषाको शिक्षण प्रयोजन भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयहरूको पठन पाठनको माध्यमलाई सहयोग गरी बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको कुरा औंल्याइएको छ । यसमा साधारण उद्देश्यहरू जम्मा २४ वटा उल्लेख गरिएको छ । भाषिक सीप अन्तर्गत सुनाइ र बोलाइको निम्ति संयुक्त रूपमा जम्मा ८ वटा, पढाइ सीपको निम्ति १० वटा, लेखाइ सीप विकासको निम्ति १० वटा विशिष्ट उद्देश्यहरू समेटिएको छ । विधाको क्षेत्र शीर्षक अन्तर्गत भाषिक सीप विकास गरी बोध र अभिव्यक्ति क्षमता विकासका लागि उपयुक्त हुने निबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता जस्ता विधाहरू समेटिएका छन् भने भाषिक शुद्धता एवम् परिष्कारका निम्ति भाषाको पुरकका रूपमा भाषातत्त्व (व्याकरण) लाई समावेश गरिएको छ । यसमा थप जानकारी एवम् नेपाली भाषामा शब्द धीकुटी बृद्धि गर्न शब्दभण्डारलाई उपयुक्त तवरले समेटिएको छ । शिक्षण प्रक्रिया नामक शीर्षक अन्तर्गत कथा, कविता, रूपक, निबन्ध, जीवनी आदि विधा शिक्षणको तरिका उल्लेख गर्नुका साथै व्याकरण शिक्षणको निम्ति सैद्धान्तिक पक्षतिर जोड नदिई प्रयोग पक्षमा बढी जोड दिने आगमन विधि, प्रत्यक्ष भाषा विधि जस्ता व्याकरणको उपयुक्त शिक्षण विधि अवलम्बन गर्नुपर्ने कुरामा जोड दिइएको छ । शब्दभण्डार शिक्षण अन्तर्गत नेपाली भाषाको शब्दहरूको धीकुटी बृद्धि गर्नको निम्ति विभिन्न पाठमा प्रयुक्त तथा बाहिरका स्तर अनुकूलका शब्दहरूको अर्थ र प्रयोगको साथै उखान टुक्काहरूको प्रयोगलाई समेत उपयुक्त तवरले समावेश

गरिएको छ । माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ ले निम्नानुसारको विधाको क्षेत्र प्रस्तुत गरेको छ, जसलाई परिशिष्ट १ मा समावेश गरिएको छ ।

मूल्याङ्कन प्रक्रिया अन्तर्गत सुनाइ र बोलाइ सीपको निम्ति निर्माणात्मक मूल्याङ्कनमा सीमित राखी कक्षागत सिकाइका अङ्गका रूपमा राखिएको छ । पढाइ र लेखाइ सीपलाई निर्णयात्मक मूल्याङ्कन आवश्यक पर्ने कुरा उल्लेख गर्दै यसमा समावेश विभिन्न पक्षको निम्ति निम्नानुसारको अङ्क विभाजन गरिएको छ -

**माध्यमिक भाषा पाठ्यक्रम २०५५ अनुसार अङ्क विभाजन**

**तालिका सङ्ख्या-१**

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| पढाइ र लेखाइ | | |
| विवेचनात्मक | कथा, कविता, निबन्ध र जीवनी | १० |
| पाठगत | कथा, कविता, निबन्ध, जीवनी, रूपक | २० |
| बोध | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| सारांश | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| व्याख्या | कथा, कविता, निबन्ध, जीवनी, रूपक | १० |
| स्वतन्त्र रचना | निबन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता | १५ |
| व्याकरण | | २५ |
| शब्दभण्डार | पाठमा प्रयुक्त शब्द, विशिष्ट शब्द, अनुकरणात्मक शब्द र उखान टुक्का | १० |
| | जम्मा | १०० |

श्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम - २०५५

यस भाषा पाठ्यक्रमले नेपाली विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घण्टी र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ । यस भाषा पाठ्यक्रमका प्रमुख विशेषताहरूलाई निम्नानुसार केलाउन सकिन्छ-

- पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी एवम् व्यवहारमूलक बनाउने प्रयास
- उद्देश्यहरूलाई सीपगत ढाँचामा निर्धारण गरिएको
- उपयुक्त पाठ्यवस्तु छनौट एवम् स्तरणमा ख्याल राखिएको

- निम्न माध्यमिक तह पूरा गरी आउने तथा उच्च शिक्षा प्रवेशको पूर्वाधार निर्माण गर्ने खालका पाठ्यवस्तुको चयन
- भाषाको पुरकका रूपमा भाषातत्त्वलाई समावेश गरिएको
- विधाको क्षेत्र र क्रमलाई स्पष्ट पारिएको
- शिक्षण प्रक्रियाको निर्देशन दिइएको ।
- स्वतन्त्र रचना, शब्दभण्डार जस्ता विषयवस्तु समावेश
- मूल्याङ्कन अङ्कभारको निर्देशन दिइएको ।
- सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिएको ।
- माध्यमिक तहमा जम्मा २४ वटा साधारण उद्देश्यहरू तय गरिएका छन् ।
- शिक्षण प्रक्रियाका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको आदि ।

### ३.२.२ माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को सङ्क्षिप्त परिचय

समाजको परिवर्तन, राजनैतिक व्यवस्थाको फेरबदल, विश्वव्यापीकरण, तथा नवीनतम् ज्ञानको प्रस्फुटनका कारण पाठ्यक्रममा समसामयिक परिवर्तन आवश्यक भइरहन्छ । नेपालको लोकतान्त्रिक परिवर्तनले पनि शिक्षा क्षेत्रमा पाठ्यक्रम परिवर्तनको आवश्यकता महशुस गऱ्यो । यस आधारमा पाठ्यक्रमलाई विशेष रूपमा जनआकाङ्क्षा अनुरूप परिवर्तन गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६४ लागू भई कार्यान्वयनको मार्गमा रहेको छ । यो पाठ्यक्रम मिति २०६३/१०/२५ को नेपाल सरकारको निर्णय अनुसार स्वीकृत भई कार्यान्वयमा आएको हो ।

यस पाठ्यक्रमले कक्षा ९-१० लाई माधयमिक तह अन्तर्गत राखेको पाइन्छ । यसै मान्यता अनुसार नेपाली भाषाको पनि व्यवस्थित र वैज्ञानिक पाठ्यक्रम बनेको छ । २०६४ को यस पाठ्यक्रमको प्रारूपमा परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य अन्तर्गत भाषिक सीप, विधाको क्षेत्र र क्रम तालिका, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया गरी प्रमुख ६ वटा शीर्षकहरू समावेश भएका छन् । परिचय खण्डमा नेपाली भाषा शिक्षणको महत्त्व औल्याउँदै परिमार्जित पाठ्यक्रममा समाविष्ट पक्षहरूको दिग्दर्शन प्रस्तुत गरिएको छ । साधारण उद्देश्य अन्तर्गत भाषिक सीपमा रहेर १७ वटा उद्देश्यहरू समावेश गरिएका छन् । त्यसपछि विशिष्ट उद्देश्य अन्तर्गत कक्षा ९ र १० मा छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । सुनाइ र बोलाइका एकै ठाउँमा र पढाइका अलग तथा लेखाइ

सीपका अलग उद्देश्यहरू समावेश गरिएको छ । विधाको क्षेत्र अन्तर्गत भाषिक उद्देश्यहरू प्राप्तिका निम्ति आवश्यक हुने विधाहरूको प्रकृति र त्यसमा समावेश हुने विषयवस्तुहरूको क्षेत्र समेत निर्देश गरिएको छ । यस क्रममा निबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता, भाषातत्त्व (व्याकरण) र शब्दभण्डारलाई विधा अन्तर्गत राखिएको छ । यसमा थप जानकारीका रूपमा व्याकरण हिज्जे (वर्णविन्यास), लेख्य चिन्ह र शब्दभण्डारका बारेमा स्पष्ट पारिएको छ । शिक्षण प्रक्रिया अन्तर्गत कथा, कविता, जीवनी, निबन्ध, रूपक, पद्य आदि विधाको स्पष्टीकरणका साथै यिनको संकेतमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याएको छ । व्याकरण शिक्षणका लागि आगमन विधिको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । शब्दभण्डार शिक्षणमा शब्दकोषको प्रयोग गर्न प्रोत्साहित गरिएको छ । माध्यमिक तहको भाषा पाठ्यक्रम २०६४ ले निम्नानुसारको विधागत क्षेत्र र क्रम प्रस्तुत गरेको छ, जसलाई परिशिष्ट २ मा समावेश गरिएको छ ।

मूल्याङ्कन स्तम्भमा सुनाइ र बोलाइ सीपलाई निर्माणात्मक वा निरन्तर मूल्याङ्कनमा सीमित गरिएको छ । पढाइ र लेखाइलाई निर्णयात्मक मूल्याङ्कन आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ । यसमा विभिन्न पक्षका निम्ति निम्न बमोजिमका अङ्क विभाजन गरिएको छ-

**नेपाली भाषा पाठ्यक्रम २०६४ अनुसार अङ्क विभाजन**

**तालिका सङ्ख्या-२**

| क्र.सं. | क्षेत्र | विधा | अङ्क |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति, वाच्य, वाक्य परिवर्तन, शब्दनिर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश र अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क) निबन्ध<br>ख) चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कविता, कथा, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

श्रोतः माध्यमिक पाठ्यक्रम २०६४

यस पाठ्यक्रमले नेपाली पठनपाठनको निम्ति प्रतिहप्ता ५ घण्टी तथा वार्षिक पाठ्यभार १५० घण्टी निर्धारण गरेको छ। माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ का विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

- पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी एवम् व्यवहारिक बनाउने प्रयास
- उद्देश्यहरूलाई सीपगत ढाँचामा निर्धारण गरिएको छ।
- उपयुक्त पाठ्यवस्तु छनौट एवम् स्तरणमा ख्याल गरिएको
- विशिष्ट उद्देश्यलाई सीप र विधासँग एकीकृत गरी विस्तृतीकरण गरिएको।
- भाषाको पुरकको रूपमा भाषा तत्त्व/व्याकरणलाई समावेश
- नि.मा.वि. तह पूरा गरी आउने विद्यार्थीलाई दृष्टिगत गरी उच्च शिक्षा प्रवेशको पूर्वाधार निर्माण गर्ने खालका पाठ्यवस्तुको समेत चयन गरिएको छ।
- शिक्षण प्रक्रियाको स्पष्ट निर्देशन दिइएको
- भाषिक व्यवहार र क्षमता अभिवृद्धि गर्न स्वतन्त्र रचना शब्दभण्डार जस्ता विषयवस्तु समावेश भएको
- भाषाको मूल्याङ्कन प्रभावकारी हुन सकोस् भन्ने दृष्टिकोणले मूल्याङ्कन अङ्कभारको निर्देशन दिइएको
- शिक्षण सामग्रीहरूका सम्बन्धमा स्पष्ट दिशाबोध नभएको

## ३.३ निष्कर्ष

यस परिच्छेदमा विशेष गरी नेपाली भाषा पाठ्यक्रमको सुरूवात भएदेखि के कस्तो कुन रूपमा आजको विद्यमान अवस्थामा आईपुगेको छ ; अर्थात् नेपाली भाषाले पठनपाठनमा के कस्तो स्थान ग्रहण गरेको छ भन्ने बारेमा उल्लेख गरिएको छ । भाषा पाठशालाको स्थापना २०५८ देखि रा.शि.आ.को प्रतिवेदन २०४९ सम्म नेपाली भाषा तथा भाषा पाठ्यक्रमको स्थान कुन रूपमा रहँदै आयो भन्ने बारेमा प्रष्ट पारिएको छ । त्यसपछि माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम परम्पराको अध्ययन गरिएको छ। तुलनीय विषय भएकोले नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को परिचय गरिनुका साथै यिनीहरूका विशेषता तथा मूल्याङ्कनको निम्ति अङ्क विभाजनको स्थितिलाई समेत प्रष्ट पारिएको छ।

# परिच्छेद चार

# भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

## ४.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

कुनै पनि विषयमा तुलनात्मक अध्ययन गर्दा केही न केही निश्चित आधारहरू लिनै पर्ने हुन्छ । त्यस्ता आधारहरूकै माध्यमबाट तुलनीय पाठ्यक्रम बीचमा रहेका समानता र असमानता एवम् कमी कमजोरीहरू पत्ता लगाउने गरिन्छ । यसमा माध्यमिक तहका भाषा पाठ्यक्रम २०५५ र २०६४ ले भाषा पाठ्यक्रममा रहनुपर्ने प्रमुख अङ्गहरूलाई समावेश गर्न सकेका छन् वा छैनन्, तिनकै आधारमा दुवै पाठ्यक्रमको तुलना गर्ने ध्येय सहितको प्रयास यहाँ गरिएको छ । यसका निम्ति भाषा पाठ्यक्रमका प्रमुख अङ्गहरूलाई आधार मानी अध्ययन अगाडि बढाइएको छ ।

### ४.१.१ राष्ट्रिय उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

तुलनीय दुबै भाषा पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू समावेश गरिएको छ । भाषा पाठ्यक्रम २०५५ मा माध्यमिक तहमा नेपाली भाषा पठन पाठनमा शिक्षाका राष्ट्रिय उद्देश्यलाई सम्बद्ध गरी निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने
- सामाजिक जीवन विकासको निम्ति सहयोग पुऱ्याउने
- व्यक्तिलाई सामाजिकीकरणमा सहयोग गर्ने
- राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेशमा आफ्नो पहिचान कायम राख्न सिकाउने
- देश निर्माणमा मानवीय संशाधनको विकास गर्ने
- प्राकृतिक वातावरण एवम् राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने
- हरेक क्षेत्रमा पछि परेकालाई मूलधारमा ल्याउन सहयोग गर्ने

२०६४ को राष्ट्रिय उद्देश्यहरूमा २०५५ ले तय गरेका शिक्षाका राष्ट्रिय उद्देश्य भन्दा बढी व्यवहारिक प्रकारका उद्देश्य समेटिएको छ । स्थानीय, राष्ट्रिय स्तरका पेशामा लाग्न सहयोग पुऱ्याउने खालका, सामाजिक समानता र न्यायबारे चिन्तनशील रही समावेशी समाज निर्माणमा

सहयोग, राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश अनुकुल शान्ति, मैत्री तथा विश्वबन्धुत्वको भावना विकास गर्ने, नेपाली भएकोमा गौरव गर्ने नागरिक तयार गर्दै नेपाली कला, सौन्दर्य वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने जस्ता नितान्त भाषासँग बढी सम्बन्धित राष्ट्रिय उद्देश्यहरु समावेश  भएको देखिन्छ ।

उपयुक्त प्रकारका ज्ञान, विज्ञान तथा प्राविधिक दक्षता र सीपको प्रचार प्रसारको आधारभूत माध्यम भाषा हो । भाषाका माध्यमबाट सबै व्यक्तिहरूलाई हरेक क्षेत्रमा सामञ्जस्यपूर्ण जीवन निर्वाह गर्न तथा पछि परेकालाई अगाडि बढाउन समेत नेपाली भाषाको अहम् भूमिका रहेको पाइन्छ । विद्यार्थीहरूमा सिर्जनात्मक क्षमता बढाउन, अर्काको विचार र भावनाको एक आपसमा कदर वा प्रसंशा गर्न समेत राष्ट्रभाषा नेपालीलाई सशक्त माध्यमका रूपमा विकसित गराउनुपर्ने देखिन्छ । तुलनात्मक रूपमा २०५५ ले तय गरेका राष्ट्रिय उद्देश्यहरू भन्दा २०६४ ले तय गरेका उद्देश्यहरू परिष्कृत, परिमार्जित एवम् युग सुहाउँदा रूपमा प्रस्तुत भएको पाइन्छ । यी दुवै पाठ्यक्रमका समानता र असमानतालाई निम्न अनुसार देखाउन सकिन्छ -

**समानता**

१. दुबै भाषा पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू राखिएका छन् ।
२. दुबैले अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासलाई जोड दिएका छन् ।
३. सामाजिकीकरणमा दुबैले जोड दिएका छन् ।
४. समाजको आधुनिकीकरणमा जोड दिएका छन् ।
५. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षणमा जोड
६. दुबै भाषा पाठ्यक्रमहरूले समाज एवम् व्यक्तिको विकासको लागि योग्य नागरिक तयार गर्ने उद्देश्य राखेको पाइन्छ ।

**असमानता**

१. २०५५ को भाषा पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्यहरू जम्मा ७ वटा तय गरिएको छ भने २०६४ मा ११ वटा रहेका छन् ।
२. २०५५ मा सामवेशी समाज निर्माणको कुरा उल्लेख छैन भने २०६४ मा यसको उल्लेख गरिएको छ ।

३. व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी स्वस्थ्य सामाजिक जीवन विकास गर्ने उद्देश्य २०५५ ले राखेको देखिन्छ भने २०६४ ले थप रूपमा चरित्रवान् एवम् नैतिकवान् नागरिक बनाउने कुराका जोड दिएको देखिन्छ ।

४. २०६४ मा हरेक प्रकारको द्वन्द्व व्यवस्थापन गर्न सक्ने नागरिक तयार पार्ने कुरामा उल्लेख्य योगदान पुऱ्याएको छ भने २०५५ ले यस्तो कुनै कुराको टिप्पणी गरेको छैन ।

५. २०६४ ले हरेक नागरिकलाई आधुनिक सूचना प्रविधिसँग परिचित गराउने बताएको छ तर २०५५ मा उक्त कुरा उल्लेख छैन ।

६. नेपाली कला, सौन्दर्य आदिको संरक्षण, सम्बर्द्धन र विस्तार गर्ने नागरिक तयार पार्ने उद्देश्य २०६४ ले राखेको छ भने २०५५ मा उक्त कुरा उल्लेख छैन ।

निष्कर्षका रुपमा भन्नुपर्दा २०५५ का राष्ट्रिय उद्देश्यहरूमा टेकी राष्ट्रिय एवम् अन्तराष्ट्रिय शैक्षिक परिवेशलाई मध्यनजर गर्दै आवश्यकता अनुसार समसामयिक परिवर्तन, परिमार्जन एवम् विस्तार गरी तुलनात्मक रूपमा २०६४ को पाठ्यक्रमले तय गरेका राष्ट्रिय उद्देश्यहरू वैज्ञानिक, वस्तुगत, व्यवहारिक एवम् अग्रगामी देखिन्छन् ।

### ४.१.२ साधारण उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

दुबै भाषा पाठ्यक्रममा आ-आफ्नै प्रकारले साधारण उद्देश्यहरू समावेश गरिएको छ । भाषा पाठ्यक्रम २०५५ मा जम्मा २४ वटा साधारण उद्देश्यहरू तय गरिएको छ भने २०६४ को भाषा पाठ्यक्रममा जम्मा १७ वटा साधारण उद्देश्यहरू मात्र समावेश गरिएको छ । २०५५ को भाषा पाठ्यक्रममा भएका जम्मा साधारण उद्देश्यहरू मध्ये सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरूसँग सम्बन्धित अलग-अलग तथा एकापसमा मिश्रित रूपमा भाषिक उद्देश्यहरू रहेका छन् । तुलनात्मक रूपमा २०६४ को भाषा पाठ्यक्रमसम्म आइपुग्दा भाषिक उद्देश्यहरूमा व्यापक रुपमा संख्यात्मक रुपमा कटौती गरिएको छ । यस भाषा पाठ्यक्रममा समावेश भएका जम्मा १७ वटा साधारण उद्देश्यहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित अलग-अलग तथा मिश्रित खालका उद्देश्यहरू तय गरिएका छन् । दुवै पाठ्यक्रममा भाषिक सीप अन्तर्गत विशिष्ट उद्देश्यहरू राखिएको देखिन्छ । दुवै भाषा पाठ्यक्रमको साधारण उद्धेश्यमा शब्दभण्डार विकास गर्न तथा

शब्दकोषको प्रयोगमा जोड दिइएको छ । मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को साधारण उद्देश्यको सङ्ख्यात्मक स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ -

**भाषा पाठ्यक्रम २०५५ र २०६४ को साधारण उद्देश्यको सङ्ख्यात्मक स्थिति**

**तालिका सङ्ख्या ३**

| क्र.सं. | भाषा पाठ्यक्रम | तह | साधारण उद्वेश्य |
|---|---|---|---|
| १ | २०५५ | मा.वि | २४ वटा |
| २ | २०६४ | मा.वि. | १७ वटा |

श्रोत : नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ ।

माथिको तालिकालाई मध्यनजर गर्दा नेपाली भाषासँग सम्बन्धित साधारण उद्देश्यहरू तुलनात्मक रुपमा २०५५ मा बढी र २०६४ मा कम राखिएको पाईन्छ । दुवै भाषा पाठ्यक्रमहरूले साधारण उद्देश्यलाई प्रष्ट रूपमा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग अलग-अलग रुपमा प्रस्तुत गरेको देखिदैन । केही उद्देश्यहरू बाहेक अन्य साधारण उद्देश्यहरू एक आपसमा अन्तरसम्बन्धित रूपमा रहेका देखिन्छन् ।

सिद्धान्ततः साधारण उद्देश्यहरू पनि भाषिक सीप तथा बोध र अभिव्यक्तिसँग सम्बन्धित हुनुपर्ने हुन्छ । भाषिक सीप विकासका दृष्टिले तल्लो कक्षामा भन्दा माथिल्लो कक्षामा अपेक्षाकृत रूपमा सीपगत उद्देश्यहरू विशिष्टीकृत हुनु आवश्यक हुन्छ । यस आधारमा हेर्दा २०५५ को भाषा पाठ्यक्रमको साधारण उद्देश्यहरू विशुद्ध रूपमा सुनाइसँग सम्बन्धित -४, बोलाइसँग सम्बन्धित - ४, पढाइसँग सम्बन्धित - २ र लेखाइसँग सम्बन्धित - ७ वटा तथा बाँकी ७ वटा उद्देश्यहरू एक अर्को सीपसँग अन्तरसम्बन्धित रहेको देखिन्छ । नेपाली भाषाको शब्द भण्डारको विकास गराउनको निम्ति शब्दकोश प्रयोग गर्न प्रोत्साहित गरिएको छ । २०६४ को भाषा पाठ्यक्रममा सुनाइ सीपसँग सम्बन्धित - २, बोलाइसँग सम्बन्धित - २, पढाइसँग सम्बन्धित - ४, लेखाइ सीपसँग सम्बन्धित - ३, वटा तथा बाँकी ६ वटा साधारण उद्देश्यहरू एक आपसमा अन्तरसम्बन्धित रहेका देखिन्छन् । यी दुवै भाषा पाठ्यक्रममा साधारण उद्देश्यहरूलाई भाषिक सीपका आधारमा न्यून रूपमा बाँडिएको हुनाले भाषिक मूल्याङ्कनमा कठिनाइ उत्पन्न हुने देखिन्छ ।

माध्यमिक तहको अनिवार्य नेपालीको मुख्य उद्देश्य भाषाको सीप विकास एवम् बोध र अभिव्यक्ति क्षमताको विकास गर्नु रहेको छ । यस आधारमा लैङ्गिक समानता, दलित, जनजाति, सीमान्तकृत समूह, स्थानीय आवश्यकताका आधारमा पाठ्यक्रमको उद्देश्यमा उल्लेख गर्नु बाञ्छनीय देखिन्छ तर दुवै पाठ्यक्रममा यस सम्बन्धमा कुनै कुरा उल्लेख गरेको देखिंदैन । नेपाली भाषा पहिलो/मातृभाषा

भएका र नभएका विद्यार्थीहरूका निम्ति पहिलो भाषी सरह एउटै उद्देश्यमा राखी भाषिक सीप सिकाइका दृष्टिले अन्याय हुन जान्छ । त्यसैले भाषा पाठ्यक्रम निर्माण एवम् विकास गर्दा दोश्रो वा विदेशी भाषाका रूपमा नेपाली भाषा सिक्ने सिकारूका लागि समेत उद्देश्यमा सोही अनुसार उल्लेख गर्नुपर्ने देखिन्छ । यस आधारमा हेर्दा २०५५ र २०६४ दुवै भाषा पाठ्यक्रम मौन देखिन्छन् । त्यसैले भाषा पाठ्यक्रमको साधारण उद्देश्य निर्माण गर्दा दलित, जनजाति, सामाजिक, आर्थिक पक्ष र साँस्कृतिक पक्ष आदिलाई उजागर गर्ने उद्देश्य राखिनु पर्दछ ।

## ४.२ भाषिक सीपका आधारमा पाठ्यक्रमको तुलना

भाषा पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित उद्देश्यहरू समेटिनु पर्दछ । २०५५ सालको भाषा पाठ्यक्रमले भाषिक सीपसँग सम्बन्धित उद्देश्यहरू सुनाइ र बोलाइसँग सम्बन्धित एकै ठाउँमा जम्मा ८ वटा तथा पढाइसीपको निम्ति १० वटा र लेखाइ सीपसँग सम्बन्धित १० वटा विशिष्ट उद्देश्यहरू समावेश गरेको देखिन्छ । २०६४ को भाषा पाठ्यक्रमले भाषिक सीपसँग सम्बन्धित उद्देश्यहरूलाई विशिष्ट उद्देश्य अन्तर्गत मूल शीर्षकमा राखेर कक्षा ९ र १० का रूपमा उल्लेख गरेको छ । दुवै भाषा पाठ्यक्रमले पढाइ र लेखाइका तुलनामा सुनाइ र बोलाइ सीपलाई कम महत्त्व प्रदान गरेको देखिन्छ । माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ अनुसार भाषिक सीपको सङ्ख्यात्मक स्थिति तथा भाषा पाठ्यक्रम २०६४ अनुसार विशिष्ट उद्देश्यको सङ्ख्यात्मक स्थितिलाई क्रमशः निम्नानुसारका तालिकामा देखाइएको छ -

**भाषा पाठ्यक्रम २०५५ अनुसार भाषिक सीपको सङ्ख्यात्मक स्थिति**

**तालिका सङ्ख्या ४**

| क्र.सं. | भाषिक सीप | सङ्ख्या |
|---|---|---|
| १ | सुनाइ र बोलाइ | ८ |
| २ | पढाइ | १० |
| ३ | लेखाइ | १० |
| | जम्मा | २८ |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०५५

**भाषा पाठ्यक्रम २०६४ अनुसार भाषिक सीपको सङ्ख्यात्मक स्थिति**

**तालिका सङ्ख्या ५**

| क्र.सं. | कक्षा | सुनाइ/बोलाइ, | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९ | ८ | ६ | ९ | २३ |
| २ | १० | ८ | ६ | १० | २४ |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

२०५५ को भाषा पाठ्यक्रममा भाषिक सीपसँग सम्बन्धित (विशिष्ट उद्देश्यहरू) को सङ्ख्यात्मक स्थिति २०६४ को भन्दा बढी रहेको देखिन्छ । २०५५ मा कक्षागत रूपमा अलग नगरी एकै ठाउँमा तहगत रूपमा प्रस्तुत गरेको छ भने २०६४ को भाषा पाठ्यक्रमले विशिष्ट उद्देश्यको शीर्षक राखी कक्षा ९ र १० का रूपमा अलग-अलग तरिकाले प्रस्तुत गरेको पाइन्छ । दुवै पाठ्यक्रमले भाषातत्त्व, बोध र अभिव्यक्ति, शब्दभण्डार जस्ता विषयवस्तुलाई समावेश गरी पहिलेका पाठ्यक्रमका तुलनामा व्यापक र स्पष्ट बनाएको देखिन्छ ।

प्रस्तुत दुबै पाठ्यक्रमहरूले सीपगत उद्देश्य अन्तर्गत अपाङ्ग, बहिरा, सुस्त श्रवण आदि असाधारण विद्यार्थीहरूको लागि हेराइ र गराइ सीपको उल्लेख गरेका छैनन् । त्यस्ता बालबालिकाहरूलाई भाषिक सीप हासिल गराउनको निम्ति हेराइ र गराई जस्ता सीपको उपयोग गर्नुपर्ने देखिन्छ । त्यसैगरी दुबै भाषा पाठ्यक्रममा समावेश सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपमा दलित, जनजाति, अपाङ्ग, महिला, पिछडिएका एवम् राष्ट्रिय मूलधारमा पछि परेका वर्गलाई सम्बोधन गर्ने खालका विषयवस्तु समावेश गरेको पाइँदैन । अतः भाषिक सीपगत उद्देश्य निर्धारण गर्दा उपर्युक्त सबै वर्गहरूलाई सम्बोधन गर्ने खालका विषयवस्तुहरू यथेष्ट मात्रामा समावेश गर्नुपर्ने देखिन्छ ।

## ४.३ विधागत क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना

नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को पाठ्यक्रम बीचको तुलना गर्दा यस शीर्षकमा विधाको क्षेत्रको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । पाठ्यक्रममा समावेश गरिएको विधा तथा क्षेत्रले विद्यार्थीमा अपेक्षित भाषिक उपलब्धी हासिल गराउन सकिन्छ । त्यसैले पाठ्यक्रममा भाषिक सीप प्राप्ति गराउने उपयुक्त विधाको छनौट गर्नु अति आवश्यक हुन्छ । निश्चित सीप हासिल गराउने

उचित विधाको क्षेत्र निर्धारण नभएमा भाषा पाठ्यक्रमका उद्देश्यहरू हासिल गर्न सकिँदैन । तसर्थ भाषिक उद्देश्य हासिल गराउन निर्धारण गरिएका २०५५ र २०६४ मा समावेश विभिन्न विधागत विषयवस्तुहरूलाई निम्न तालिकाको सहायताले तुलना गरिएको छ -

**भाषा पाठ्यक्रम २०५५ र २०६४ मा समाविष्ट विधाहरू**

**तालिका सङ्ख्या ६**

| क्र.सं. | विधा/क्षेत्र | भाषा पाठ्यक्रम २०५५ | भाषा पाठ्यक्रम २०६४ |
|---|---|---|---|
| १ | निबन्ध | समावेश | समावेश |
| २ | कथा | समावेश | समावेश |
| ३ | जीवनी | समावेश | समावेश |
| ४ | चिठी | समावेश | समावेश |
| ५ | रूपक | समावेश | समावेश |
| ६ | दैनिकी | समावेश | समावेश |
| ७ | कविता | समावेश | समावेश |
| ८ | भाषातŒव | समावेश | समावेश |
| ९ | शब्दभण्डार | समावेश | समावेश |

स्रोतः नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४

माथि उल्लेखित भाषा पाठ्यक्रमहरूमा निबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता, भाषातत्त्व (व्याकरण) र शब्दभण्डार जस्ता विविध विधाहरू समावेश भएको पाइन्छ; जसमध्ये निबन्ध विधा अन्तर्गत २०५५ को पाठ्यक्रमले सामाजिक, प्राकृतिक/वातावरणीय, कला कौशल तथा सौन्दर्य, साँस्कृतिक तथा ऐतिहासिक, वैज्ञानिक तथा प्राविधिक र व्यवसायिक गरी ६ वटा विषयमा कक्षा नौ र दशमा संयुक्त रूपमा समावेश गरेको पाइन्छ । भाषा पाठ्यक्रम २०६४ मा कक्षा ९ र १० मा निश्चित् विषयका निबन्धहरू समावेश गरिएको छ । कक्षा नौ मा सामाजिक - १ र प्राविधिक/व्यवसायिक -१ गरी जम्मा दुईवटा तथा कक्षा १० मा प्राविधिक/व्यावसायिक-१, सामाजिक - १ र साँस्कृतिक-१ गरी जम्मा तीनवटा निबन्ध अलग-अलग रूपमा प्रस्तुत गरिएको छ । दुवै भाषा पाठ्यक्रमले नेपालको स्थानीयता, अपाङ्ग, दलित, जनजाति तथा पिछडिएका आदि वर्गको खासै प्रतिनिधित्त्व गरेको पाइँदैन ।

कथा विधा अन्तर्गत २०५५ को पाठ्यक्रमले मुख्य रूपमा चारवटा विषयस्तुमा कथा समावेश गरेको पाईन्छ ; जसमध्ये कक्षागत रूपमा अलग नगरी संयुक्त रूपमा लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा गरी जम्मा माध्यमिक तहमा ४ वटा कथाहरू समावेश गरेको देखिन्छ भने २०६४ को भाषा पाठ्यक्रमले मा. तहमा कक्षागत रूपमै अलग-अलग विषयवस्तुसँग सम्बन्धित कथाहरू समावेश गरेको छ । कक्षा नौ मा लोककथा -१, ऐतिहासिक -१, बालमनोवैज्ञानिक -१, गरी जम्मा तीनवटा कथाहरू तथा कक्षा दशका लागि पौराणिक -१, सामाजिक -१ र मनोवैज्ञानिक -१ गरी जम्मा तीनवटा कथाहरू समावेश गरेको छ ।

जीवनी विधा अन्तर्गत प्रस्तुत दुवै पाठ्यक्रममा राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तिŒवहरूको जीवनी समावेश गरिएको छ । २०५५ को भाषा पाठ्यक्रममा राष्ट्रिय जीवनी अतर्गत राजनीतिक, साहित्यिक/कला सम्बन्धी, साँस्कृतिक/ऐतिहासिक तथा विचारक गरी ४ विषयसँग सम्बन्धित जीवनी तय गरिएको छ । त्यसैगरी अन्तराष्ट्रिय जीवनी अन्तर्गत राजनैतिक, विचारक, आविष्कारक र कलासम्बन्धी गरी जम्मा चार विषयमै तय गरिएको छ । २०६४ को भाषा पाठ्यक्रमले जीवनी विधा अन्तर्गत कक्षा ९ का लागि राष्ट्रिय र अन्तराष्ट्रिय अन्तर्गत ऐतिहासिक -१, प्रेरक व्यक्तित्व -१, विचारक - १ र आविस्कारक - १ गरी जम्मा चारवटा समावेश गर्ने भनी प्रष्ट पारेको छ भने कक्षा दशका निम्ति साहित्यिक/कला सम्बन्धी - १, राजनीतिक/प्रेरक व्यक्तित्व - १, विचारक - १ गरी जम्मा तीनवटा जीवनी प्रस्तुत गरिएको छ । जीवनी विधामा स्थानीय समाजसेवी, महिला वर्ग, अपाङ्ग वा पिछडिएका वर्गहरूका रचनाहरू समावेश गरी पाठ्यसामग्रीहरूलाई रोचक, क्रियाकलापमुखीका साथै समावेशीमूलक सबै नेपाली समुदाय र वर्गको मार्मिकता झल्काउने र विद्यार्थीको मनोविज्ञानमा आधारित बनाउनु पर्ने देखिन्छ । दुवै भाषा पाठ्यक्रम यी कुराहरूबाट अछुतो रहेको पाइन्छ ।

दुबै माध्यमिक भाषा पाठ्यक्रमहरूले चिठीलाई छुट्टै विधाको रूपमा स्वीकारेका छन् । २०५५ को भाषा पाठ्यक्रममा संयुक्त रूपमा घरायसी, विद्यालयीय, कार्यालयीय/व्यापारिक र निवेदन जस्ता चिठीहरू समावेश गरिएको छ । २०६४ सालको भाषा पाठ्यक्रममा कक्षा - नौ मा घरायसी -१, निवेदन/कार्यालयीय - १ तथा कक्षा १० का लागि व्यापारिक -१, समावेश गरेको देखिन्छ भने नयाँ पाठ्क्रममा अभ्यासका रूपमा निमन्त्रणा तथा शुभकामना सिकाउन निर्देशन गरिएको छ ; जसले गर्दा भाषिक सीपको व्यवहारिक प्रयोगमा सहयोग पुऱ्याउने देखिन्छ । त्यसैगरी दैनिकीलाई २०५५ को भाषा पाठ्यक्रमले भन्दा २०६४ को भाषा पाठ्यक्रमले महत्त्वपूर्ण स्थान प्रदान गरेको देखिन्छ ।

यस विधाको समावेशले विद्यार्थीमा सिर्जनात्मकता एवम् लेखाइ सीपको विकास गराउन अहम् भूमिका खेलेको हुन्छ । रूपक विधाको प्रस्तुतिलाई हेर्दा २०५५ को पाठ्यक्रममा संवाद, मनोवाद, वादविवाद, वक्तृता र एकाङ्की रहेका छन् २०६४ को भाषा पाठ्यक्रममा कक्षा नौ का लागि वक्तृता -१, संवाद - १ तथा कक्षा १० का लागि मनोवाद -१, वादविवाद - १ र एकाङ्की -१ गरी जम्मा तीनवटा रूपक उपविधाहरू समावेश गरेको देखिन्छ । २०५५ को भाषा पाठ्यक्रमले कक्षा नछुट्याई संयुक्त रूपमा प्रस्तुत गरेको छ भने २०६४ को पाठ्यक्रमले स्पष्ट रूपमा कक्षा छुट्याएर प्रस्तुत गरेको छ । तुलनात्मक रूपमा हेर्दा पहिलो भन्दा दोस्रो भाषा पाठ्यक्रम बढी व्यवहारिक प्रकृतिको देखिन्छ । त्यसैगरी दैनिकीको प्रस्तुतिलाई हेर्दा २०५५ ले केही नबोली सोलोडोलो रूपमा प्रस्तुत गरेको देखिन्छ भने २०६४ ले स्पष्ट रूपमा कक्षा नौ मा एउटा दैनिकी सिकाउनु पर्ने भनेर स्पष्ट किटान गरेको छ ।

२०५५ को भाषा पाठ्यक्रममा कविता शीर्षक अन्तर्गत नीति प्रधान, प्रकृति प्रधान, इतिहास प्रधान, संस्कृति प्रधान र समाज प्रधान गरी माध्यमिक तहमा पाँचवटा कविता समावेश गर्नुपर्ने अवधारणा व्यक्त गरेको देखिन्छ । २०६४ को पाठ्यक्रमलाई हेर्दा कक्षा नौ र दशमा नीतिप्रधान/संस्कृति प्रधान कविता - १ र प्रकृति प्रधान/समाजप्रधान कविता - २ गरी जम्मा तीनवटा प्रतिकक्षा गर्दा मा.वि. तहमा कूल ६ वटा कविता समावेश गरेको देखिन्छ । त्यसैगरी भाषातत्त्व (व्याकरण) अन्तर्गत दुवै भाषा पाठ्यक्रमले प्रस्तुति क्रममा अघिपछि पारेतापनि समग्र रूपमा पदसङ्गति, काल, पक्ष, भाव, वाच्य, धातु, कारक र विभक्ति, शब्दवर्ग, वाक्य संश्लेषण र विश्लेषण, चिन्हहरू, शब्द निर्माण प्रक्रिया र वर्ण विन्यासलाई समेटेको देखिन्छ । २०५५ को भाषा पाठ्यक्रमले भन्दा २०६४ को भाषा पाठ्यक्रमले कुन-कुन व्याकरण शीर्षकलाई कति कति कक्षामा समावेश गर्ने भन्ने बारेमा पनि स्पष्ट दिशाबोध गरेको पाइन्छ । तुलनात्मक रूपमा भन्नुपर्दा २०५५ को पाठ्यक्रममा भन्दा २०६४ मा समावेश व्याकरण बढी प्रयोगमूलक, एकाइमूलक, व्यवहारिक प्रकृतिको देखिन्छ । यसमा छनौट र स्तरणलाई ध्यान दिइ व्याकरणीक पाठ्यवस्तुलाई जीवनोपयोगी बनाउने प्रयास गरेको पाइन्छ । दुबै भाषा पाठ्यक्रमहरूले शब्दभण्डार जस्तो नेपाली भाषाको शब्द धुकिटी बृद्धि गर्ने विषयलाई महŒवपूर्ण स्थान दिएको देखिन्छ ।

पाठ्यक्रम निर्माण तथा विकास गर्दा व्यक्ति एवम् समाजको आवश्यकता, रूचि, पिछडिएका वर्ग आदिको मनोबल बढाउन सकिने तथा उनीहरूमा उत्प्रेरणा जगाउन सकिने खालका पाठ्यवस्तु समावेश गरिनुपर्ने हुन्छ तर पनि यी धारणाहरूका बारेमा दुवै भाषा पाठ्यक्रम मौन रहेको देखिन्छ ।

पाठ्यक्रम भित्र विषयवस्तुको निर्धारण गर्दा उत्पीडित एवम् पिछडिएका वर्गका प्रेरक, चिन्तनशील तथा सङ्घर्षशील व्यक्तित्त्व, स्थानीय विषयवस्तु तथा सकारात्मक सन्देश दिने र समानता ल्याउने खालका निबन्ध, कथा, कविता जस्ता विधाहरूलाई प्राथमिकताका साथ समावेश गर्नुपर्ने देखिन्छ। किनकी यस्ता सामग्रीहरूले जातीय समानता, लैङ्गिक समानता, धार्मिक सहिष्णुतामा टेवा पुऱ्याउने सन्देश दिंदै सामाजिक, साँस्कृतिक रीतिरिवाज, स्थानीय भूगोल, समाज, घटना र विभिन्न व्यक्तित्वको बारेमा नयाँ ज्ञान प्रदान गरी बालबालिकामा थप उर्जा सिर्जना गर्दछ। दुवै भाषा पाठ्यक्रमले दलित, जनजाति, अपाङ्ग, महिला वर्गका महापुरूष, समाजसेवी, ऐतिहासिक पुरूष, गायक, सङ्गीतकार, लेखक, कवि, राजनैतिक व्यक्तित्त्वहरूको जीवनी आदिलाई प्राथमिकताका साथ समावेश गर्न सकिरहेको देखिंदैन। त्यसैगरी पाठ्यक्रममा उल्लेखित पाठ्यवस्तुहरूले देशमा विद्यमान विभिन्न धर्म, संस्कृति, परम्परा र अनेक जातजाति सबैलाई समेट्न सकेका छैनन्। त्यसैले विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गर्दा उपर्युक्त कुराहरूलाई प्राथमिकताका साथ समेट्नु पर्ने देखिन्छ।

दुवै पाठ्यक्रममा विधागत विविधता पाइन्छ। यस सन्दर्भमा हेर्दा खास गरी कथा, कविता, जीवनी जस्ता विधाहरूलाई समावेश गरिएको छ। समावेश गरिने विधाहरूमा समाजमा पछि परेका वर्गहरू र स्थानीय रुचि र आवश्यकता बमोजिमका विषयवस्तु समावेश गर्दा उपयुक्त हुन्छ। कथाहरू समावेश गर्दा आत्मबल बढ्ने खालका समावेश गर्नुपर्दछ। सामाजिक क्षेत्रबाट निबन्ध/प्रबन्धका विषयवस्तुहरू लिंदा स्थानीय आवश्यकता, साहसिकता, स्थानीय संस्कृति र सकारात्मक परम्परा, मूल्यमान्यतालाई समावेश गर्नुपर्ने हुन्छ। त्यसैगरी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रबाट प्रेरक व्यक्तित्त्वहरूको जीवनी राख्ने क्रममा प्रेरणादायी र सङ्घर्षशील व्यक्ति छानी तिनीहरूको जीवनी समावेश गर्नुपर्दछ। हालको भाषा पाठ्यक्रम अनुसार साहित्यकार पारिजातको जीवनी समावेश हुनुलाई प्रशंसनीय उदाहरण मान्न सकिन्छ। दुवै भाषा पाठ्यक्रमले वर्णविन्यासबाट भाषिक शुद्धता ल्याउने प्रयास गरेको देखिन्छ।

निष्कर्षका रूपमा भन्नुपर्दा दुवै भाषा पाठ्यक्रममा माध्यमिक तहको विषयवस्तुको क्षेत्र र क्रमले भाषिक उद्देश्यहरू प्रायः पूरा हुन सक्ने देखिएको तर अनुच्छेद लेखन नभएकोले यसलाई समावेश गर्नुपर्ने देखिन्छ। दुवै भाषा पाठ्यक्रममा भाषाको समसामयिक प्रयोग स्तर अनुरूपको उद्देश्य पूरा गर्न सक्ने पाठ्यवस्तु भए तापनि त्यसको क्षेत्र र क्रम निर्धारणमा केही कमी कमजोरी रहेकाले स्पष्ट पार्नुपर्ने देखिन्छ। साथै दुवैमा समावेश विषयवस्तुहरूको भाषिक जटिलता र विधागत सन्तुलन

नमिलेकाले नेपाली मातृभाषा स्तरका बालबालिकाहरूलाई भाषिक सीप सिक्न र सिकाउन केही कठिनाइ भएको देखिन्छ ।

## ४.४ अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ र २०६४ मा गरिएको विधा विभाजन र विषय गाम्भीर्यताका आधारमा अङ्कभार र पाठ्यभार निर्धारण गरिएको छ । दुवै भाषा पाठ्यक्रममा समावेश गरिएको अङ्कभार र पाठ्यभारलाई निम्नानुसारका तालिकामा प्रस्तुत गरिएको छ -

**माध्यमिक भाषा पाठ्यक्रम २०५५ मा अङकभार र पाठ्यभारको व्यवस्था**

**तालिका सङ्ख्या ७**

| क.सं. | विषय | पाठ्यभार | अङकभार |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अङ्ग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसंख्या र वातावरण | ४ | १०० |
| ७ | ऐच्छिक प्रथम पत्र | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीय पत्र | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०५५

भाषा पाठ्यक्रम २०६४ मा समावेश गरिएको अङ्कभार र पाठ्यभारलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ -

**माध्यमिक भाषा पाठ्यक्रम २०६४ मा पाठ्यभार र अङ्कभारको व्यवस्था**

**तालिका सङ्ख्या ८**

| क्र.सं. | विषय | पाठ्यभार | अङ्कभार |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अंग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसंख्या र वातावरण | ४ | १०० |
| ७ | ऐच्छिक प्रथम पत्र | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीय पत्र | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ मा व्यवस्था भए बमोजिम विधागत समय विभाजन र अङ्क विभाजन निम्न अनुसार प्रस्तुत गरिएको छ -

**भाषा पाठ्यक्रम २०५५ अनुसार अङ्क विभाजन**

**तालिका सङ्ख्या ९**

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| विवेचनात्मक | कथा, कविता, निबन्ध र जीवनी | १० |
| पाठगत | कथा, कविता, निबन्ध, जीवनी र रूपक | २० |
| बोध | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| सारांश | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| व्याख्या | कथा, कविता, निबन्ध, जीवनी, रूपक | १० |
| स्वतन्त्र रचना | निबन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता | १५ |
| व्याकरण | | २५ |
| शब्दभण्डार | पाठमा प्रयुक्त शब्द, विशिष्ट शब्द, अनुकरणात्मक शब्द, उखान टुक्का | १० |
| | जम्मा | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०५५

## माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा ९

### तालिका सङ्ख्या १०

| क.सं. | क्षेत्र | विधा | अङ्कभार |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, पक्ष, भाव, कारक/विभक्ति, वाच्य परिवर्तन, शब्द निर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखनबाट | ५ |
| ७ | स्वन्तत्र रचना | क) निबन्ध<br>ख) चिठी, वक्तृता, संवाद, दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/संप्रसग | कविता, कथा, निवन्ध, जीवनी | ५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

## माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा - १०

### तालिका सङ्ख्या ११

| क.सं. | क्षेत्र | विधा | अङ्कभार |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, कारक/विभक्ति, शब्दनिर्माण, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४ | बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५ | बुँदाटिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क) निबन्ध<br>ख) चिठी, मनोवाद, संवाद, वादविवाद | १०<br>१० |
| ८ | व्याख्या/सप्रसंग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |

| | | | |
|---|---|---|---|
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ र २०६४ को पाठ्यभार र अङ्कभारलाई मध्य नजर गर्दा यस दृष्टिले दुवैमा समानता रहेको देखिन्छ । दुवै भाषा पाठ्यक्रमले नेपाली विषयलाई साप्ताहिक पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम तथा वार्षिक १५० घण्टी निर्धारण गरेको देखिन्छ । २०५५ को भाषा पाठ्यक्रममा अङ्क विभाजनको स्तरलाई हेर्दा खासगरी क्षेत्र विभाजनमा प्रष्टता देखिएको छैन भने तुलनात्मक रूपमा २०६४ को पाठ्यक्रममा अङ्क विभाजनको स्तरमा स्पष्टता देखिन्छ । यी पाठ्यक्रमहरूमा समावेश गरिएको अङ्क तालिकाको विधाहरूलाई हेर्दा पनि २०५५ ले भन्दा २०६४ ले विशेष रूपले प्राथमिकता प्रदान गरेको छ ।

भाषा पाठ्यक्रममा पाठ्यभार र अङकभार ज्यादै महत्त्वपूर्ण हुन्छ । यसै आधारमा नै शिक्षण योजना बनाउने र मूल्याङ्कन गर्ने गरिन्छ । त्यसैले पाठ्यभार र अङ्कभारलाई व्यवस्थित र स्पष्ट रूपमा समावेश गरिएको हुन्छ । पाठ्यक्रमले निर्देश गरेका उद्देश्य प्राप्त गर्नु दुवै भाषा पाठ्यक्रममा प्रदान गरिएको ५ घण्टी प्रतिहप्ता समय ज्यादै न्यून भएको देखिन्छ ।

## ४.५ शिक्षण सामग्रीको आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ र २०६४ मा शिक्षण सामग्री भनेर कुनै पनि शीर्षक उल्लेख गरिएको छैन । नेपाली भाषाका पाठ्यपुस्तक नै यस तहका मुख्य शिक्षण सामग्री हुन भन्दा अत्युक्ति नहोला । कक्षा कोठामा शिक्षणका क्रममा दैनिक प्रयोगीय सामग्री चक, डस्टर, कालोपाटीको प्रयोग गरिन्छ । यस तहको पाठ्यक्रमलाई कार्यान्वयन गर्ने सहायक सामग्रीको रूपमा माध्यमिक विद्यालय शिक्षण निर्देशिका प्रकाशित भएको छ । यस तहको परीक्षा सञ्चालनका लागि नमूना प्रश्नपत्र निर्माण गर्न सहयोगीका रूपमा ग्रीड पनि प्रकाशित भएको देखिन्छ ।

उपर्युक्त दुवै भाषा पाठ्यक्रमलाई नियाल्दा शिक्षण सामग्रीलाई खासै उल्लेख नगरिएको, सिकाइमा प्रभावकारी हिस्सा ओगट्ने यस्ता महत्त्वपूर्ण सामग्रीलाई बेवास्ता गरेको देखिन्छ । त्यसकारण शैक्षिक सामग्री भनेका शिक्षण सिकाइ प्रक्रियाका महत्त्वपूर्ण हतियार नै हुन् भन्ने कुरालाई आङ्कलन गरी भाषा पाठ्यक्रममा सामवेश गर्नु अत्यावश्यक देखिन्छ ।

## ४.६ शिक्षण प्रक्रिया/विधिका आधारमा पाठ्यक्रमको तुलना

माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ र २०६४ ले शिक्षण प्रक्रिया नामक शीर्षक उल्लेख गरी विभिन विधाहरूको शिक्षणको उद्देश्य स्पष्ट गरी आ-आफ्नो तौर-तरिकाले निम्नानुसार उल्लेख गरेको पाइन्छ ।

### क. कथा

२०५५ को भाषा पाठ्यक्रमले कथा शिक्षण गर्नुको मुख्य उद्देश्य विद्यार्थीमा स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, कथा बोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्न सक्ने क्षमता अभिवृद्धि गर्नु हो तथा यसका अतिरिक्त विद्यार्थीहरूमा विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास, उखान टुक्का र वाक्यांशहरूको ज्ञान तथा प्रयोग गर्ने सुझको विकास गर्नु हो भनिएको छ ।

२०६४ को भाषा पाठ्यक्रमले कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारवटै भाषिक सीपको अभ्यास गराउनुपर्छ भनिएको छ । यस क्रममा कथा श्रवण (श्रुतिबोधात्मक दृष्टिले समेत), कथा कथन, कथा निर्माण आदि क्रियाकलाप गराउन सकिन्छ । साथै कथाका माध्यमबाट सस्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर बुंदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दोच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता कार्यकलाप गराउनुपर्छ भनिएको छ ।

### ख. कविता

भाषा पाठ्यक्रम २०५५ ले कविता शिक्षणको प्रयोजन विद्यार्थीमा उचित गति, यति, लय एवम् भावानुरूप पठन गर्न सक्ने, अनुभूति एवम् कल्पनालाई बुझ्न सक्ने, महत्त्वपूर्ण अंशको व्याख्या गर्न सक्ने, आफ्नो शब्दमा अरूलाई कविताको भाव भन्न सक्ने सीपको विकास गरी कविताप्रति अभिरूचि जगाउनु हो भनिएको छ । यसका अतिरिक्त कविताभित्र रहेको बिम्ब, प्रतीक, संकेत बुझ्न र बुझाउन सक्ने तथा यस्ता शब्दहरूको प्रयोग गरी आफ्नो विचार बताउन सक्ने क्षमताको विकास गर्नु पनि हो भनिएको पाइन्छ । कविता शिक्षणको क्रममा शिक्षकले नमुना पठन, सस्वर पठन,

व्याख्यात्मक विधि, तुलनात्मक विधि एवम् समीक्षात्मक विधिद्वारा विद्यार्थीहरूलाई सिकाउँदा प्रभावकारी हुन्छ भन्ने धारणा पनि यस पाठ्यक्रमले औल्याएको देखिन्छ ।

भाषा पाठ्यक्रम २०६४ ले स्पष्टसँग भनेको छ की कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वर वाचन, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ र भावविस्तार आदिसँग सम्बन्धित कार्यकलापहरू गराउनुपर्दछ भनी उल्लेख गरेको देखिन्छ । यसका साथै आवश्यकता अनुसार विद्यार्थीहरूलाई कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु पनि उपयुक्त हुन्छ भनिएको छ ।

**ग. जीवनी**

२०५५ को भाषा पाठ्क्रमले जीवनी शिक्षणको उद्देश्य विद्यार्थीले साहित्यकार, राजनीतिज्ञ, विचारक, विद्वान्हरूका जीवनचर्या एवम् कार्यहरूबारे बुझी तदनुरूप अनुकरण गर्न सकिने कुरामा अभिप्रेरित हुन सकून् भन्ने हो । यसका निम्ति कथा र प्रबन्ध विधाकै शिक्षण प्रक्रिया अपनाउन सकिन्छ भनिएको छ । यस अन्तर्गत राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्त्वको परिचय दिई उनीहरूले गरेका योगदान, आदर्श एवम् अनुकरणीय, प्रयासहरूका बारेमा विद्यार्थीहरूसँग परिचित गराइन्छ भन्ने समेत उल्लेख गरिएको भेटिन्छ ।

भषा पाठ्यक्रम २०६४ अनुसार यस जीवनी विधा शिक्षणको मुख्य उद्देश्य कथामा उल्लेख भएझै भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सीपको विकास गर्नु हो । यसका माध्यमबाट त्यस्ता विशिष्ट व्यक्तित्त्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर र मौन पठन, पठनबोध, मौखिक तथा लिखित अभिव्यक्ति सम्बन्धी प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउले, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनुपर्दछ भनिएको छ ।

**घ. निबन्ध**

भाषा पाठ्यक्रम २०५५ ले प्रबन्ध/निबन्ध शीर्षक दिई यस विधा शिक्षणको तात्पर्य विद्यार्थीको विचारलाई श्रृङ्खलाबद्व ढङ्गले अभिव्यक्ति दिन सक्ने क्षमताको विकास गर्नुका साथै आत्मपरक तथा वस्तुपरकरुपमा स्वतन्त्र विचार दिन सक्ने प्रवृत्तिको विकास गर्नु हो । भनिएको छ । यस विधाको शिक्षण गर्दा अनुच्छेदबद्धता, अनुच्छेद अनुच्छेदबीचको अन्तर्सम्बन्ध आदि कुराहरूमा ध्यान दिनु त्यत्तिकै आवश्यक हुन्छ । यसको शिक्षण गर्दा विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यात्मक

विधि ठीक हुन्छ । स-स्वर पठन, मौन पठन, प्रश्नोत्तर, व्याख्यान आदि शिक्षण कार्याकलापहरू उपयुक्त हुन्छन् । यसका अतिरिक्त श्रुतिलेख, शुद्धसँग सार्न लगाउने तथा कठिन शब्दको निरूपण गर्ने कार्यहरू पनि गराउन सकिने कुरा उल्लेख गरिएको छ ।

२०६४ अनुसार माध्यमिक तहमा पाठ्य तथा लेख्य निबन्धहरूको भाषिक सीप विकासको अभ्यास गराउँदा मौन पठन, बोध, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्दछ । यसका साथै गद्यांशको सस्वर पठन, पठन बोध, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, भाव विस्तारका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन जस्ता अभ्यास गराउनु अपेक्षित हुन्छ । लेख्य रूपमा यसको शिक्षण गर्दा निर्देशित र स्वतन्त्र लेखनका प्रक्रियाहरू अपनाई निबन्धका उपयुक्त अभ्यास गराउनु आवश्यक हुन्छ ।

### ङ. चिठी/पत्र

चिठी लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने महत्त्वपूर्ण साधन हो । एक अर्काको अनुभवको आदानप्रदान एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यम पनि हो । यसमा खास ढङ्ग र ढाँचाको विशेष महत्त्व रहन्छ २०५५ को भाषा पाठ्यक्रमले चिठी शिक्षणमा घरायसी, व्यापारिक र कार्यालयीय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको कार्यकलापद्वारा शिक्षण गर्दा पूर्ण रूपमा प्रभावकारी हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । पत्र लेखनको अभ्यास गराउँदा पाठमा प्रस्तुत चिठी, निवेदन आदिको शिक्षण गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढङ्ग ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिई तदनुरूप सोही अभ्यास गराउनुपर्छ भनी भाषा पाठ्यक्रम २०६४ मा उल्लेख गरिएको छ ।

### च. रूपक

रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । २०५५ को भाषा पाठ्क्रमले 'शिक्षण प्रक्रिया' नामक शीर्षक भित्र वादविवाद र मनोवाद दुईवटा उपशीर्षक दिएर शिक्षण तरिका उल्लेख गरेको देखिन्छ । २०६४ ले रूपक शीर्षक दिएर संवाद/एकाङ्की तथा वादविवादलाई शिक्षण गर्दा निर्दिष्ट विषयवस्तुलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्छ भनी उल्लेख गरेको छ । कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह-अवरोह, आघात, गति यति आदिको ख्याल गर्नुपर्छ । यी विधाहरूको

अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन आदि कार्यकलाप समेत गराउनुपर्छ भनिएको छ ।

**छ. व्याकरण**

भाषा पाठ्यक्रम २०५५ ले उल्लेख गरे अनुसार व्याकरण शिक्षणको प्रमुख उद्देश्य भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरू सँगसँगै विद्यार्थीहरूलाई शुद्ध शब्द र वाक्य प्रयोग गर्न अभिप्रेरित गर्नु हो । यसबाट भाषा प्रयोग, वाक्य गठन, शब्द रचना आदि पक्षहरूमा विशेष सहयोग मिल्दछ । यसको शिक्षण गर्दा शिक्षकले सैद्धान्तिक पक्षतिर जोड नदिई प्रयोग पक्षलाई जोड दिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा उदाहरणहरूद्वारा पुष्ट्याँई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदारहण र प्रयोगका आधारमा सम्बद्ध पाठ भित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाईदिनु उपयुक्त हुन्छ । यसका साथै विद्यार्थीहरूले आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय हुन्छ । यस तहमा छुट्टै पाठ्यपुस्तकका आधारमा व्याकरण शिक्षण गर्न बोझिलो हुने र उद्देश्य अनुकूल नहुने कुरा २०६४ को भाषा पाठ्यक्रममा उल्लेख छ ।

**ज. हिज्जे (वर्णविन्यास)**

वर्णविन्यास शिक्षण गर्दा पाठमा प्रयुक्त शब्दहरूको वर्णविन्यास हेर्ने र शुद्ध प्रयोग पक्षमा जोड दिनुपर्छ । विद्यार्थीहरूलाई वर्णविन्यासका नियम सिकाउनुमा भन्दा नियमको ख्याल गरी शुद्ध लेखनमा अभ्यास गराउनु पर्दछ । यसका अतिरिक्त समय समयमा हिज्जे प्रतियोगिता गराई शुद्ध लेखनमा सचेत गराउनु पर्दछ । त्यसैगरी पाठहरूमा प्रयुक्त लेख्य चिन्हको ख्यालगरी निर्धारित लेख्यचिन्हको प्रयोग गरेर वाक्य रचना गर्ने अभ्यास गराउनु उपयुक्त हुन्छ भनिएको छ । भाषा पाठ्यक्रम २०६४ को शिक्षण प्रक्रिया नामक शीर्षकमा यसको स्पष्ट उल्लेख गरिएको छ भने २०५५ को भाषा पाठ्यक्रम यस सम्बन्धी मौन रहेको देखिन्छ ।

**झ. शब्दभण्डार**

भाषा पाठ्यक्रम २०५५ मा विभिन्न पाठहरूमा प्रयुक्त शब्दहरू र पाठ बाहिरका स्तर अनुकूलका शब्दहरूको अर्थ र प्रयोगको साथै उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिएको छ । शब्दभण्डार बृद्धि गर्ने क्रममा पर्यायवाची, विपरीतार्थी, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, लघुवाचक, सिङ्गो, परिभाषिक र संक्षिप्त शब्दहरूलाई समेत उल्लेख गरिएको छ ।

२०६४ को भाषा पाठ्यक्रममा निर्दिष्ट पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखानटुक्काको शिक्षण गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन मद्दत पुग्छ भनिएको छ । पाठमा प्रयुक्त पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक आदि शब्दहरू र उखानटुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनु अपेक्षित हुन्छ । यसका निम्ति शब्दकोशको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्दछ भनिएको छ ।

भाषा पाठ्यक्रममा राखिएका सामग्रीहरू शिक्षण गर्न भाषिक सीपहरूलाई ख्याल गर्नुपर्दछ । शिक्षण प्रक्रियामा सबै उल्लिखित शीर्षकका विधाहरूको निम्ति एकै खाले शिक्षण विधि उपयुक्त हुदैन । एउटा विशेष शिक्षण विधिबाट सबै भाषिक सीप प्राप्त गराउन गाऱ्हो हुन्छ । भाषाका लागि छनौट भएका पाठ्यसामग्री मध्ये विभिन्न विधाहरू र व्याकरणका कुराहरू पर्छन् । ती सबैलाई एउटै किसिमले शिक्षण गर्न कठिन हुन्छ । पाठ्यक्रममा विधा अनुसार शिक्षण विधि, भाषिक कुशलताहरू प्रयोग गरिने सामग्रीहरूलाई सङ्केत गर्नुपर्ने हुन्छ ।

उपयुक्त आधारहरूलाई हेर्दा दुवै भाषा पाठ्यक्रमहरूले शिक्षण प्रक्रियाका बारेमा कुनै विधामा शिक्षण विधि उल्लेख गरिएको छ भने कुनैमा उल्लेख गरिएको छैन । २०५५ को भाषा पाठ्यक्रममा शिक्षण प्रक्रिया शीर्षकमा 'दैनिकी' विधालाई उल्लेख गरिएको छ भने २०६४ को भाषा पाठ्यक्रममा उल्लेख छैन । त्यसैगरी २०६४ मा वर्णविन्यास (हिज्जे) लाई छुट्टै उपविधा राखी प्रस्तुत गरिएको छ भने २०५५ को भाषा पाठ्यक्रममा यसको उल्लेख छैन । दुवै भाषा पाठ्यक्रमको उद्देश्यमा भाषिक सीपहरू कसरी हासिल गर्ने भन्ने कुराको सङ्केत गरिएको छैन । त्यसैले भाषा पाठ्यक्रम निर्माण गर्दा शिक्षणविधि/प्रक्रियाका बारेमा स्पष्ट निर्देश गर्नु पर्ने देखिन्छ । नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्दा निगमन विधि, आगमन विधि, श्रुतिभाषिक पद्दति, अनुवाद विधि, व्याकरणानुवाद

विधि, प्रत्यक्ष विधि, पठन विधि, मौन विधि, मौखिक संरचना सन्दर्भ विधिहरू प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ४.७ मूल्याङ्कनका आधारमा पाठ्यक्रमको तुलना

कुनैपनि कार्य पश्चात् त्यसको उपलब्धिको लेखाजोखा गरी आगामी योजना निर्माण गर्नमा मूल्याङ्कनको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । विद्यार्थीको शैक्षिक उपलब्धिको लेखाजोखा गरी सिकाइका निम्ति निरन्तर पृष्ठपोषण प्रदान गर्नु मूल्याङ्कनको प्रमुख उद्देश्य हो । यसले उपलब्धिको मात्रलेखाजोखा नगरी प्रयोग भएका सामग्री, कार्यक्रम कार्यान्वयन प्रक्रिया र उद्देश्यकै समेत लेखाजोखा गर्दछ ।

यस शीर्षक अन्तर्गत मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ भित्र समाविष्ट मूल्याङ्कन व्यवस्थाको तुलना निम्नानुसार गरिएको छ -

**भाषा पाठ्यक्रम २०५५ अनुसार मूल्याङ्कनको व्यवस्था**

**तालिका सङ्ख्या १२**

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| **पढाइ र लेखाइ** | | |
| विवेचनात्मक | कथा, कविता, निबन्ध र जीवनी | १० |
| पाठगत | कथा, कविता, निबन्ध, जीवनी र रुपक | २० |
| बोध | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| सारांश | कथा, जीवनी, निबन्ध वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| व्याख्या | कथा, कविता, निबन्ध, जीवनी, रूपक | १० |
| स्वतन्त्र रचना | निबन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता | १५ |
| व्याकरण | | २५ |
| शब्दभण्डार | पाठमा प्रयुक्त शब्द, विशिष्ट शब्द, अनुकरणात्मक शब्द, उखान टुक्का | १० |
| | जम्मा | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०५५

नेपाली भाषा पाठ्यक्रम २०५५ ले मूल्याङ्कन प्रक्रियाका लागि उपयुक्त तालिका अनुसारको व्यवस्थाका साथै 'द्रष्टव्य' उपशीर्षकमा निम्नानुसारको दृष्टिकोण प्रस्तुत गरेको छ -

विवेचनात्मकमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ ।

- पाठगत अन्तर्गत विभिन्न गद्य, पद्यविधाका पाठको विषयवस्तु, मूल भाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिने छ ।
- बोध अन्तर्गत दृष्टांश र अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमता परीक्षण गरिने छ ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिने छ ।
- नेपाली विषयको पाठ्यांशभार प्रतिहप्ता ५ घण्टी र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ ।
- यो पाठ्यक्रम शै.स. २०५६/०५७ देखि लागू हुने कुरा उल्लेख गरिएको छ ।

**भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कन व्यवस्था कक्षा - नौ**

**तालिका सङ्ख्या १३**

| क्र.सं | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, काल, भाव, पक्ष, कारक/विभक्ति, वाच्य, वाक्य र वाक्य परिवर्तन, शब्द निर्माण | १८ |
| ४ | बोध | कथा, निबन्ध, जीवनी वा अन्य लेख रचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ५ | सारांश | कथा, निबन्ध, जीवनीबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा, वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क. निबन्ध<br>ख. चिठी, वक्तृता, सम्वाद वा दैनिकी | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९ | संक्षिप्त उत्तर | कविता, कथा, निबन्ध, जीवनी | १५ |
| १० | विवेचनात्मक | कविता, निबन्ध, जीवनी | १० |
| | | | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

नेपाली भाषा पाठ्यक्रम २०६४ ले मूल्याङ्कन प्रक्रियाका लागि उपर्युक्त तालिका अनुसारको व्यवस्थाका अतिरिक्त 'द्रष्टव्य' उपशीर्षक अन्तर्गत निम्नानुसारको दृष्टिकोण प्रस्तुत गरेको छ-

- विवेचनात्मक प्रश्नमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ।
- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य र पद्य विधाको पाठको विषयवस्तु, मूलभाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिने छ।
- बोध अन्तर्गत दृष्टांश अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गरिने छ।
- सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका अङ्गका रुपमा गरिने छ।
- कक्षा - नौ को नेपाली विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घण्टी र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ।
- विभिन्न पाठहरूको शिक्षणको लागि अनुमानित घण्टी शिक्षक निर्देशिकामा दिइने छ।
- भाषातत्त्व/व्याकरण शिक्षणका निम्ति छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ।

**भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा - दश**

**तालिका सङ्ख्या १४**

| क्र.सं. | क्षेत्र | विधा | अङ्कभार % |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३ | व्याकरण | शब्दार्थ, काल, पक्ष, भाव, कारक/विभक्ति, वाच्य,वाक्य परिवर्तन र संश्लेषण | १८ |
| ४ | बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५ | बुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क. निबन्ध<br>ख. चिठी, मनोवाद, सम्वाद, वादविवाद | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

स्रोत : नेपाली भाषा पाठ्यक्रम २०६४

नेपाली भाषा पाठ्यक्रम २०६४ ले मूल्याङ्कन प्रक्रियाका लागि उपर्युक्त तालिका अनुसारको व्यवस्था उल्लेख गर्नुका साथै द्रष्टव्य उपशीर्षक अन्तर्गत निम्नानुसारको दृष्टिकोण प्रस्तुत गरेको छ -

- विवेचनात्मक, विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ ।
- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना, सन्देश पात्र आदिका सम्बन्धमा परीक्षण गरिने छ ।
- बोध अन्तर्गत अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गरिने छ ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिने छ ।
- कक्षा १० को नेपाली विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घण्टी र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ ।
- विभिन्न पाठहरूको शिक्षणका लागि अनुमानित घण्टी शिक्षक निर्देशिकामा उल्लेख गरिने छ ।
- भाषातŒव/व्याकरण शिक्षणका लागि छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

भाषा पाठ्यक्रम २०५५ र २०६४ मा विभिन्न विधाहरू कथा, कविता, निबन्ध, जीवनी, चिठी, भाषातत्त्व जस्ता पक्षहरूमा मूल्याङ्कनका निम्ति अङ्कभार प्रदान गरिएको छ । त्यसैगरी २०५५ को भाषा पाठ्यक्रममा क्षेत्र, विधा र अङ्क दिइएको छ । नयाँ पाठ्यक्रम २०६४ मा विधा, क्षेत्र र अङ्कभार समावेश गरिएको छ । २०५५ को भाषा पाठ्यक्रममा विवेचनात्मक, पाठगत, बोध, सारांश, व्याख्या, स्वतन्त्र रचना, व्याकरण र शब्दभण्डारमा विभाजन गरी अङ्क छुट्टयाइएको पाइन्छ भने २०६४ मा शब्दभण्डार, वर्णविन्यास, व्याकरण, बोध, सारांश, निर्देशित रचना, स्वतन्त्र रचना, व्याख्या/सप्रसंग व्याख्या, संक्षिप्त उत्तर तथा विवेचनात्मकमा विभाजन गरी अङ्कभार प्रदान गरिएको छ । २०५५ को भाषा पाठ्यक्रमले व्याकरणलाई २५ अङ्क छुट्याएको छ भने २०६४ को भाषा पाठ्यक्रमले जम्मा १८ अङ्क दिएको छ । पहिलो पाठ्यक्रमले व्याख्याको निम्ति कथा, कविता, निबन्ध, जीवनी र रूपक विधाहरू छुट्याई जम्मा १० अङ्क प्रदान गरेको देखिन्छ भने नयाँ पाठ्यक्रमले व्याख्या/सप्रसंग व्याख्या भनी कथा, कविता, निबन्ध र जीवनी विधालाई मात्र समावेश गरी जम्मा ५ अङ्क दिएको छ । जसमा रूपकलाई समावेश नगरेको देखिन्छ । त्यसैगरी २०५५ को

भाषा पाठ्यक्रममा स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता भनी जम्मा १५ अङ्क छुट्याएको देखिन्छ भने २०६४ ले स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, संवाद, दैनिकी र वक्तृत्वकला भनी कक्षा -नौ का निम्ति २० अङ्क र कक्षा दशका निम्ति निबन्ध, चिठी, मनोवाद, संवाद र वादविवाद शीर्षकमा २० अङ्क छुट्याइएको छ ।

२०५५ को भाषा पाठ्यक्रममा पाठगत शीर्षक समावेश गरी कथा, कविता, निबन्ध, जीवनी र रूपक विधाहरूको निम्ति २० अङ्क प्रदान गरिएको देखिन्छ भने २०६४ को भाषा पाठ्यक्रममा यस्तो व्यवस्था नभएको देखिन्छ । २०६४ मा वर्ण विन्यासको निम्ति ५ अङ्क छुट्याएकोमा २०५५ को भाषा पाठ्यक्रमले सो व्यवस्था नगरेको देखिन्छ । दुवै भाषा पाठ्यक्रममा शिक्षण विधि र उद्देश्यका बीच सङ्गति त्यति नमिलेकाले मूल्याङ्कन विधिमा पनि केही कमजोरी देखिन्छ । भाषिक सीप विकासको विषय गाम्भीर्यता र वितरणका दृष्टिले २०५५ को भन्दा २०६४ को भाषा पाठ्यक्रम तुलनात्मक रूपमा केही वैज्ञानिक, व्यवहारिक र कार्यमूलक प्रकृतिको देखिन्छ ।

२०५५ को भाषा पाठ्यक्रमले मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा नेपाली भाषा शिक्षणमा कुन-कुन मूल्याङ्कनका साधनहरूका प्रयोग गर्नु वाञ्छनीय हुन्छ भनी खासै किटान गरेको पाइँदैन । तर २०६४ को भाषा पाठ्यक्रमले मूल्याङ्कन प्रक्रिया निर्माणात्मक र निर्णयात्मकलाई लिइएको छ । निर्माणात्मक अन्तर्गत विद्यार्थीको कार्यकलापको निरीक्षण, छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षा कार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू उल्लेख गरिएको छ । कक्षोन्नतिको लागि लिइने अन्तिम परीक्षा नै निर्णयात्मक मूल्याङ्कन हुनेछ भनिएको छ ।

दुवै भाषा पाठ्यक्रमको मूल्याङ्कन प्रक्रियालाई मध्यनजर गर्दा विधा तथा पाठ अनुसार मूल्याङ्कन गराउने अभिप्राय रहेको पाइन्छ । अन्तिम मूल्याङ्कनका लागि पढाइ र लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ । भाषिक मूल्याङ्कनका आधारमा सुनाइ र बोलाइको अन्तिम मूल्याङ्कन गर्ने अभिप्राय खासै राखेको देखिंदैन; तसर्थ हालको मूल्याङ्कन प्रणालीबाट बालबालिकाहरूको सही मापन हुनसक्छ भन्ने कुरामा विश्वस्त हुन सकिदैन ।

## ४.८ निष्कर्ष

यस परिच्छेदमा भाषा पाठ्यक्रम २०५५ र २०६४ का बीचमा विविध आधारहरूमा तुलना गरिएको छ । राष्ट्रिय उद्देश्य, साधारण उद्देश्य तथा विशिष्ट उद्देश्यहरूका बीचमा तुलनात्मक अध्ययन गरी स्पष्ट पारिएको छ । त्यसैगरी विधागत क्षेत्रका आधारमा तुलना गरिएको छ । दुबै भाषा पाठ्यक्रमका पाठ्यभार र अङ्कभारका आधारमा अध्ययन विश्लेषण गरिएको छ । शिक्षण सामग्रीको स्थितिलाई अध्ययन गर्दा दुबैको अवस्था मौन देखिन्छ । शिक्षण प्रक्रिया/विधिका आधारमा तुलना गर्दा कथा, कविता, जीवनी, निबन्ध, चिठी, रूपक, व्याकरण, हिज्जे र शब्द भण्डारहरूको शिक्षण गर्ने तौर तरिकाका सम्बन्धमा तुलनीय भाषा पाठ्यक्रमका अवधारणाहरू उल्लेख गरिएको छ । मूल्याङ्कनका आधारमा तुलना गर्दा २०५५ अनुसारको अङ्कभार तथा २०६४ अनुसार कक्षा नौ र दशका लागि अलग-अलग रूपमा राखिएका अङ्क विभाजनको स्थिति प्रस्तुत गरी तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

# परिच्छेद पाँच

# उपसंहार, निष्कर्ष तथा सुझावहरू

## ५.१ उपसंहार

प्रस्तुत शोधपत्रको संरचनात्मक ढाँचा तीन भागमा विभक्त गरिएको छ । जस अन्तर्गत पूर्व भागमा मुख पृष्ठ, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, तालिकासूची र संक्षिप्तकृत शब्दसूची राखिएका छन् । मुख्य भाग अन्तर्गत निर्दिष्ट दुई भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन पाँच परिच्छेदमा सङ्गठित गरिएको छ । परिच्छेद एकमा 'शोध परिचय' शीर्षक अन्तर्गत यसको शीर्षक, प्रयोजन, समस्या कथन, उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन विधि, अध्ययन विधि र शोधपत्रको रूपरेखा नामक दशवटा उपशीर्षक मार्फत यसको परिचयात्मक अध्ययन गरिएको छ । परिच्छेद दुईमा 'पाठ्यक्रमको सैद्धान्तिक अवधारणा' अन्तर्गत पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रमका प्रमुख स्तम्भहरू, आवश्यकताको विश्लेषण, उद्देश्यको निर्धारण, पाठ्यवस्तुको निर्धारण र प्रस्तुतीकरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, भाषा पाठ्यक्रमको महत्त्व र उपयोगिता तथा निष्कर्ष मार्फत पाठ्यक्रमको सैद्धान्तिक अवधारणा प्रष्ट पारिएको छ ।

परिच्छेद तीनमा 'नेपाली भाषा पाठ्यक्रम परम्पराको सङ्क्षिप्त अध्ययन' शीर्षक अन्तर्गत ऐतिहासिक परम्परा, भाषा पाठशालाको स्थापना, स्रेस्ता पाठशाला र जाँच पास अड्डा, आधार शिक्षा, रा.शि.यो.आ., सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति, रा.शि.प.यो., रा.शि.आ.को प्रतिवेदन, माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को सङ्क्षिप्त परिचय तथा निष्कर्षका माध्यमद्वारा नेपाली भाषा पाठ्यक्रम परम्पराको अध्ययन विश्लेषण गरिएको छ । परिच्छेद चारको 'भाषा पाठ्यक्रमको तुलानात्मक अध्ययन' नै यस अध्ययन प्रतिवेदनको मुख्य मेरूदण्ड हो । यसैका आधारमा दुबै भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यसमा खासगरी आठवटा उपशीर्षकहरू उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना, राष्ट्रिय उद्देश्यका आधारमा भाषा पाठ्यक्रमको तुलना, साधारण उद्देश्यका आधारमा तुलना, भाषिक सीपका आधारमा तुलना, विधागत क्षेत्रका आधारमा तुलना, अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना, शिक्षण सामग्री तथा विधिका आधारमा पाठ्यक्रमको तुलना, मूल्याङ्कनका आधारमा पाठ्यक्रमको तुलना चयन गरी यसको निष्कर्ष प्रस्तुत गरिएको छ । परिच्छेद पाँचमा उपसंहार, निष्कर्ष, दुबै भाषा

पाठ्यक्रमका सबल तथा दुर्बल पक्षहरू, सुझावहरू तथा भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू समावेश गरिएको छ । त्यसैगरी उत्तरभाग अन्तर्गत परिशिष्ट रहेको छ । परिशिष्टमा माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ का छुट्टाछुट्टै विधागत क्षेत्र र क्रम प्रस्तुतका साथै व्यक्तिवृत्त समेत राखिएको छ ।

## ५.२ निष्कर्ष

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययनका आधारमा निम्नानुसारको निष्कर्ष निकालिएको छ -

### ५.२.१ सबल पक्षहरू

- दुबै भाषा पाठ्यक्रममा शिक्षाका उद्देश्यहरू समावेश गरिएका छन् ।
- दुबै पाठ्यक्रममा साधारण उद्देश्यहरू समावेश गरिएको छ ।
- दुबै भाषा पाठ्यक्रममा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सङ्ग सम्बन्धित उद्देश्यहरू राखिएका छन् ।
- २०५५ र २०६४ को भाषा पाठ्यक्रममा पाठ्यांशको परिचय दिइएको छ ।
- भाषासङ्ग सम्बन्धित विविध विषयवस्तुलाई समेट्न खोजिएकोले पाठ्यक्रममा विधागत विविधता पाइन्छ ।
- दुबै पाठ्यक्रममा कथा, कविता, निबन्ध, जीवनी, चिठी, भाषातत्त्व जस्ता विधागत विषयवस्तु समाविष्ट गरिएका छन् ।
- दुबै भाषा पाठ्यक्रममा शब्दकोशको प्रयोग पक्षलाई विशेष ध्यान दिइएको छ ।
- दुबै भाषा पाठ्यक्रमले नेपाली भाषालाई साप्ताहिक पाठ्यभार ५ र वार्षिक १५० घण्टीका साथै पूर्णाङ्क १०० कायम गरिएको छ ।
- दुबै भाषा पाठ्यक्रममा शिक्षक निर्देशिका र परीक्षा प्रयोजनका निम्ति ग्रीड ( निर्देशिका) को सम्बन्धमा उल्लेख गरिएको छ ।
- दुबैमा 'शिक्षण प्रक्रिया' समावेश गरिएको छ ।
- दुबै भाषा पाठ्यक्रममा राखिएका विषयवस्तुहरू र अभ्यास विद्यार्थीको स्तर र क्षमता अनुसारका रहेका छन् ।
- महापुरूष तथा साहित्यकारहरूका प्रेरणादायी जीवनीहरू समावेश गरिएका छन् ।

- दुबै भाषा पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया भनी छुट्टै स्तम्भका रूपमा चर्चा गरिएको छ ।
- भाषाका सुनाइ, बोलाइ, पढाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन निरन्तर मूल्याङ्कनका आधारमा गरिने कुरा दुवै भाषा पाठ्यक्रममा उल्लेख गरिएको छ ।
- २०५५ को भाषा पाठ्यक्रमले साधारण माधयमिक विद्यालय तहमा समावेश भाषा समूहको विषयमा लेख्य परम्परा वा व्याकरण र उपयुक्त पाठ्यसामग्रीको उपलब्धता अनुसार नेपालका अन्य राष्ट्रिय भाषाहरूलाई पनि पाठ्क्रममा समावेश गर्दै लगिने आश्वासन दिएको पाइन्छ ।

## ५.२.२ दुर्बल पक्षहरू

- २०५५ र २०६४ का दुबै भाषा पाठ्यक्रममा सुनाइ र बोलाइ जस्ता भाषिक सीपका उद्देश्यहरू अलग-अलग रूपमा प्रस्तुत गरिएको छैन ।
- दुबै भाषा पाठ्यक्रममा शिक्षण सामग्री उल्लेख गरिएको छैन ।
- दुबै भाषा पाठ्यक्रममा शिक्षण प्रक्रियाका बारेमा उल्लेख गरिएको भएता पनि शिक्षण विधिको सम्बन्धमा छुट्टै रूपमा उल्लेख गरिएको देखिंदैन ।
- मूल्याङ्कनका निम्ति दुवै भाषा पाठ्यक्रममा विषयवस्तु र विधा अनुसार अलग-अलग रूपमा प्रस्तुत गरिएको छैन ।
- भाषा पाठ्यक्रम २०६४ मन 'परिचय' खण्ड अन्तर्गत विशिष्ट उद्देश्यलाई सीप र विधासँग एकीकृत गरी विस्तृतीकरण गरिएको छ भनी स्पष्ट उल्लेख गरिएको छ तर २०५५ को भाषा पाठ्यक्रमले यस खण्ड अन्तर्गत यस्तो कुराको उल्लेख गरेको छैन ।
- २०५५ को भाषा पाठ्यक्रमले मा.वि. तहमा नेपाली विषयका २४ वटा साधारण उद्देश्यहरू तोकेको छ भने २०६४ को पाठ्यक्रममा जम्मा १७ वटा साधारण उद्देश्य उल्लेख गरिएको छ ।
- भाषिक सीप मध्ये पढाइको लागि जम्मा १० वटा विशिष्ट उद्देश्यहरू २०५५ को भाषा पाठ्यक्रमले उल्लेख गरेको छ भने २०६४ ले यस सम्बन्धी जम्मा ६ वटा उद्देश्य तय गरेको देखिन्छ । त्यसै गरी लेखाइ सीप विकासका निम्ति पनि पहिलो भाषा पाठ्यक्रमले १० र दोश्रो भाषा पाठ्यक्रमले ९ वटा उल्लेख गरेको छ ।
- २०५५ को भाषा पाठ्यक्रमले 'विधाको क्षेत्र' मात्र उल्लेख गरेको छ भने २०६४ ले स्पष्ट रूपमा विधाको क्षेत्र र क्रम तालिका भनी उल्लेख गरेको छ ।

– भाषा पाठ्यक्रम २०५५ ले कक्षा नौ र दशका निम्ति अलग-अलग विधाको क्षेत्र प्रस्तुत गरेको छैन ।
– २०६४ को भाषा पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा उल्लेख गरेको भए पनि २०५५ ले यस सम्बन्धमा कुनै कुरा उल्लेख गरेको देखिंदैन ।
– २०५५ ले 'शिक्षण प्रक्रिया' अन्तर्गत हिज्जे (वर्ण विन्यास) र लेख्य चिन्हको शिक्षण सिकाइ तरिकाका सम्बन्धमा कुनै मत उल्लेख गरेको छैन ।
– देशका विभिन्न धर्म, संस्कृति, परम्परा र अनेक जातजाति, वर्ग तथा समुदायहरू सबैलाई पाठ्यक्रमहरूले समेट्न सकेका छैनन् ।
– विशेष खालका बालबालिकाहरूलाई कसरी शिक्षण गर्ने भन्ने पक्षलाई ती दुवै भाषा पाठ्यक्रमहरूले उल्लेख गरेका छैनन् ।
– समाजमा व्याप्त अन्धविश्वास, कुरीति, विकृति, विसङ्गति जस्ता असामाजिक विषयवस्तु विरूद्ध नयाँ जागृति ल्याउन सक्ने खालका विषयवस्तु खासै समावेश गरेको पाइँदैन ।
– २०५५ को भाषा पाठ्यक्रमले कक्षागत उद्देश्यलाई अलग-अलग रूपमा प्रस्तुत गरेको छैन । विधाको क्रम र स्तरण पनि उल्लेख नभएको पाइन्छ ।
– विधाको क्षेत्रगत अङ्कभार पनि एकरुपता पाइँदैन ।
– भाषा पाठ्यक्रम २०६४ ले विभिन्न पाठको शिक्षणको लागि अनुमानित घण्टी शिक्षक निर्देशिकामा उल्लेख गरिने कुरा स्पष्ट पारेको छ भने २०५५ मा यस्तो कुनै उल्लेख भेटिंदैन ।

## ५.३ सुझावहरू

माध्यमिक भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निकालिएको सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

- भाषा पाठ्यक्रममा समेटिएका सम्पूर्ण उद्देश्यहरू सीपमूलक, स्पष्ट, विशिष्ट, मापनीय एवम् अवलोकनीय हुनुपर्छ ।
– माध्यमिक तहको भाषा पाठ्यक्रमका उद्देश्यहरूले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई ध्यान दिंदै भाषिक दक्षता र कुशलता अभिवृद्धि गर्नुपर्दछ ।
– भाषा पाठ्यक्रममा देशको समसामयिक विषयवस्तुलाई उद्देश्यका रूपमा समावेश गर्नुपर्दछ ।

- पाठ्यक्रममा अतिरिक्त क्षमताको बृद्धि गर्न थप नयाँ नयाँ विषयवस्तु र विधाको क्षेत्रगत व्यापकतालाई ध्यान दिनु पर्दछ ।
- भाषिक सीप विकासका साथै बोध र अभिव्यक्ति सीप विकास हुने खालको विषयवस्तु समावेश गर्नु वाञ्छनीय हुन्छ ।
- भाषा पाठ्यक्रममा जनसङ्ख्या, वातावरण र स्वास्थ्यसँग सम्बन्धित समसामयिक विषवस्तुलाई समावेश गरिनु पर्दछ ।
- भाषा पाठ्यक्रममा शिक्षण सामग्री पनि अनिवार्य समावेश गरिनु पर्दछ ।
- पर्याप्त मात्रामा भाषिक सीप हासिल हुने ढाँचाका विषयवस्तु एवम् सामग्रीहरू समावेश गरिनु पर्दछ ।
- नेपाली भाषाको पाठ्यभारलाई साप्ताहिक ५ बाट बढाएर ६ बनाउनुपर्ने देखिन्छ ।
- विधाको क्षेत्रगत अङ्क विभाजनमा एकरूपता र सन्तुलन हुनुपर्दछ ।
- समावेश पाठहरूको निम्ति उपयोगी र अनिवार्य सामग्रीहरू पाठ्यक्रममा स्पष्ट रूपमा उल्लेख गरिनु पर्दछ ।
- हरेक विधाहरूका निम्ति आवश्यक शिक्षण विधिहरूका साथै शिक्षण प्रक्रियामा पनि सुधार गरी स्पष्ट उल्लेख गरिनु पर्दछ ।
- भाषा पाठ्यक्रममा विधा अनुसार समय प्रतिशत पनि छुट्ट्याईएको हुनुपर्छ ।
- पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई निरन्तर प्रक्रियाका रूपमा समावेश गरिएको हुनुपर्छ ।
- मूल्याङ्कनको निम्ति यथोचित अङ्कभारको व्यवस्था गरिनु पर्दछ ।
- भाषिक मूल्याङ्कनका तरिका स्पष्ट उल्लेख गरिएको हुनुपर्छ ।
- परीक्षा बाहेक मूल्याङ्कनका अन्य साधनहरू विधा अनुसार के कसरी प्रयोग गर्न वाञ्छनीय हुन्छ; सोबारे पनि स्पष्ट उल्लेख गरिनु पर्ने देखिन्छ ।
- शिक्षण निर्देशिका, पाठ्यक्रम निर्देशिका, परीक्षा निर्देशिका जस्ता सामग्री निर्माण गरी सर्वसुलभ हुनुपर्दछ ।
- भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुसार मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिनु पर्दछ ।
- भाषा पाठ्यक्रमलाई अन्तिम रूप दिनुभन्दा अगाडि सम्बन्धित क्षेत्रका विषय विशेषज्ञासँग विषयवस्तु, विधा, भाषातत्त्व आदि पक्षमा व्यापक छलफल र विचार विमर्श गरिनु पर्दछ ।

- यसलाई प्राभवकारी तुल्याउन भाषा पाठ्यांशसँग सम्बन्धित व्यक्तिहरूलाई विशेष तालिमको व्यवस्था गरिनु पर्दछ ।
- समयको परिवर्तनसँगै पाठ्यक्रमलाई युग सापेक्ष, परिमार्जित, परिष्कृत एवम् विकास गरिनु पर्दछ ।
- भाषातत्त्व (व्याकरण) र शब्दभण्डार शिक्षणका लागि शिक्षण विधि, सामग्री र प्रक्रिया स्पष्ट रूपमा भाषा पाठ्यक्रममा उल्लेख गरिनु पर्दछ ।
- दलित, अपाङ्ग, महिला, पिछडिएका वर्ग, आदिवासी, द्वन्द्वपीडित आदिका भावनामा चोट पुग्ने खालका उखानटुक्का, कथा आदिलाई सकेसम्म समावेश नगर्दा उपयुक्त हुन्छ । जस्तै "आफू मरे डुमै राजा", "राजाको काम छाडि कामीको देवाली" । किनकी यस्ता भनाइले उनीहरूमा ठेस पुग्ने हुन्छ ।
- पाठ्यसामग्री रोचक, ज्ञानबर्धक, क्रियाकलापमूखी, सबै वर्ग र समुदायका लागि उपयुक्त हुने खालको हुनुपर्छ ।
- सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप विकास गर्न विशेष गरी अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गहरूको निम्ति टेवा पुग्ने विषयवस्तुहरू समावेश गरिनु पर्दछ ।

**भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

कुनै पनि विषयवस्तुहरूको अध्ययन तथा अनुसन्धान कार्य आफैमा पूर्ण र अन्तिम हुन सक्दैन । त्यसकारण यी दुई भाषा पाठ्यक्रमबीच तुलनात्मक अध्ययनका आधारमा निम्न अनुसारका शीर्षकहरूमा भावी अनुसन्धानहरू हुन वाञ्छनीय देखिन्छ -

- माध्यमिक तहमा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको विश्लेषणात्मक अध्ययन ।
- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ मा समाविष्ट भाषातत्त्वहरूको विश्लेषणात्मक अध्ययन ।
- पाठ्यक्रम अनुरूपताका दृष्टिले नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन कक्षा - नौ ।
- पाठ्यक्रम अनुरूपताका दृष्टिले नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन कक्षा - दश ।
- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको विश्लेषणात्मक अध्ययन ।

# सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज र मोहन शर्मा, (२०३४) **"त्रिभुवन विश्वविद्यालयको नेपाली शिक्षकहरूको प्रथम राष्ट्रिय अधिवेशन"** काठमाडौः पाठ्यक्रम विकास केन्द्र ।

खड्का, मैयाँ, (२०५९) **"माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०३८ र २०५५ को तुलनात्मक अध्ययन"** अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस तहाचल ।

खतिवडा, तीर्थराज, (२०५३) **"प्राथमिक शिक्षा नेपाली विषय पाठ्यक्रम २०३६/०३८ र २०४९ को तुलनात्मक अध्ययन"** अप्रकाशित स्नातकोत्तर शोधपत्र, किर्तिपुर : त्रि.वि.वि. ।

खनाल, गीता, (२०६२) **"प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन"** अप्रकाशित स्नातकोत्तर शोधपत्र, किर्तिपुर : त्रि.वि.वि. ।

घिमिरे, ध्रुवकुमार, (२०५१) **"पुरानो र नयाँ अनिवार्य नेपाली भाषा पाठ्यक्रम तुलनात्मक अध्ययन"** अप्रकाशित स्नातकोत्तर तह शोधधपत्र, किर्तिपुर : त्रि.वि.वि. ।

थापा, चेतबहादुर, (२०६८) **"माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन"**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाल्पा : तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

थापा, नारदकुमार, (२०६२) **"माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन"**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, किर्तिपुर : त्रि.वि.वि. ।

पुरी, दिलनाथ, (२०६५) **"माध्यमिक र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०३८ र २०४९/०५० को तुलनात्मक अध्ययन"**, अप्रकाशित स्नातकोत्तर शोत्रपपत्र, किर्तिपुर : त्रि.वि.वि. ।

भट्टराई, रामप्रसाद, (२०६४) **"भाषिक अनुसन्धान विधि"**, शुभकामना प्रकाशन ताहाचाल, काठमाडौं ।

शिक्षा मन्त्रालय, "**राष्ट्रिय शिक्षा पद्दतिको योजना** (२०२८)", सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

शिक्षा मन्त्रालय, **"माध्यमिक शिक्षा पाठ्यक्रम नेपाली** (२०५५)", सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

शिक्षा तथा खेलकुद मन्त्रालय, **"माध्यमिक शिक्षा पाठ्यक्रम** (२०६४)", सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, काठमाडौं ।

# परिशिष्ट १

## माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ र २०६४ को तुलनात्मक अध्ययन

माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ मा निम्नानुसारको विधाको क्षेत्र निर्धारण गरिएको छ -

| क.सं | विधा | क्षेत्र | |
|---|---|---|---|
| १ | निबन्ध | **निबन्ध** | |
| | | - सामाजिक<br>- प्राकृतिक तथा वातावरणीय<br>- कलाकौशल तथा सौन्दर्य | - साँस्कृतिक तथा ऐतिहासिक<br>- वैज्ञानिक तथा प्राविधिक<br>- व्यवसायिक |
| २ | कथा | **कथा** | |
| | | - लोककथा<br>- ऐतिहासिक कथा | - पौराणिक कथा<br>- आधुनिक कथा |
| ३ | जीवनी | **जीवनी** (राष्ट्रिय) | |
| | | - राजनीतिक<br>- साँस्कृतिक/ऐतिहासिक | - साहित्यिक र कला सम्बन्धी<br>- विचारक |
| | | (अन्तराष्ट्रिय) | |
| | | - राजनीतिक<br>- आविष्कारक | - विचारक<br>- कला सम्बन्धी |
| ४ | चिठी | **चिठी** | |
| | | - घरायसी<br>- कार्यालयीय/व्यापारिक | - विद्यालयीय<br>- निवेदन |
| ५ | रूपक | **रूपक** | |
| | | - संवाद<br>- मनोवाद<br>- एकाङ्की | - वदविवाद<br>- वक्तृता |
| ६ | दैनिकी | **दैनिकी** | |
| ७ | कविता | **कविता** | |
| | | - नीतिप्रधान<br>- इतिहास प्रधान<br>- समाजप्रधान | - प्रकृति प्रधान<br>- संस्कृतिप्रधान |

क्रमश:

| | | | |
|---|---|---|---|
| ८ | **भाषातत्त्व** | **भाषातत्त्व** | |
| | **(व्याकरण)** | क) पदसङ्गति<br>- वचन<br>- पुरूष | <br>- लिङ्ग<br>- आदर |
| | | ख) काल र पक्ष<br>- सामान्य वर्तमान<br>- अपूर्ण वर्तमान<br>- पूर्ण भूत<br>- अभ्यस्त भूत<br>- सामान्य भविष्यत्<br>- अपूर्ण भविष्यत् | <br>- पूर्ण वर्तमान<br>- सामान्य भूत<br>- अपूर्ण भूत<br>- अज्ञात भूत<br>- पूर्ण भविष्यत् |
| | | ग) भाव<br>- सामान्यार्थ (प्रश्नार्थ सहित)<br>- इच्छार्थ<br>- सङ्केतार्थ | <br>- आज्ञार्थ<br>- सम्भावनार्थ |
| | | घ) वाच्य<br>- कर्तृवाच्य<br>- भाववाच्य | <br>- कर्मवाच्य<br>- वाच्यपरिवर्तन |
| | | ङ) धातु<br>- सामान्य धातु<br>- नाम धातु | <br>- प्रेरणार्थक धातु<br>- धातु रूपावली |
| | | च) कारक र विभक्ति<br>- विभक्तिहरू<br>- सरल र तिर्यक् रूपसमेत<br>कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपादन र अधीकरण) | |
| | | छ) शब्दवर्ग<br>- नम (भेदसहित)<br>- सर्वनाम (भेदसहित)<br>- विशेषण (भेदसहित)<br>- क्रियापद (सकर्मक र अकर्मक, सरल र संयुक्त)<br>- अव्यय -क्रियायोगी, नामयोगी । संयोजक, विस्मयादिबोधक र निपात) | |
| | | ज) वाक्य संश्लेषण र विश्लेषण<br>- सरल वाक्य<br>- संयुक्त वाक्य<br>- मिश्र वाक्य | |

क्रमशः

| | | | |
|---|---|---|---|
| | | झ) चिन्हहरू<br>- पूर्णविराम<br>- अल्पविराम<br>- अर्धविराम<br>- निर्देश | <br>- योजक<br>- उद्गार<br>- उद्धरण |
| | | ञ) शब्दनिर्माण प्रक्रिया<br>- उपसर्ग व्युपन्न शब्दहरू<br>- तद्धितान्त व्युत्पन्न शब्दहरू | <br>- कृदन्त व्युत्पन्न शब्दहरू<br>- समस्त व्युत्पन्न शब्दहरू |
| | | ट) हिज्जे (वर्णविन्यास) | |
| ९ | **शब्दभण्डार** | पाठमा प्रयुक्त र पाठबाहिरका संस्कृत र विभिन्न श्रोतका शब्दहरू<br>- पर्यायवाची शब्द<br>- अनुकरणात्मक शब्द<br>- अनेकार्थक शब्द<br>- सिङ्गो शब्द<br>- सङ्क्षिप्त शब्द | <br><br>- विपरीतार्थक शब्द<br>- श्रुतिसमभिन्नार्थक शब्द<br>- लघुवाचक शब्द<br>- पारिभाषिक शब्द<br>- टुक्का र उखान |

## परिशिष्ट २

### माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ ले निम्नानुसारको विधागत क्षेत्र र क्रम निर्धारण गरेको छ -

| क्र.सं. | विधा/भाषातत्त्व | कक्षा - ९ | कक्षा - १० |
|---|---|---|---|
| १ | **कथा** | क) लोककथा - १<br>ख) ऐतिहासिक कथा - १<br>ग) बाल मनोवैज्ञानिक कथा - १ | क) पौराणिक कथा - १<br>ख) सामाजिक कथा - १<br>ग) मनोवैज्ञानिक कथा - १ |
| २ | **कविता** | नीतिप्रधान/संस्कृतिप्रधान - १<br>प्रकृतिप्रधान/समाजप्रधान - २ | नीतिप्रधान/संस्कृतिप्रधान - १<br>प्रकृतिप्रधान/समाजप्रधान - २ |
| ३ | **जीवनी** | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क) ऐतिहासिक - १<br>ख) प्रेरक व्यक्तित्व - १<br>ग) विचारक - १<br>घ) अविष्कारक - १ | राष्ट्रिय र अन्तरराष्ट्रिय<br>क) साहित्यिक र कलासम्बन्धी - १<br>ख) राजनीतिक/प्रेरक व्यक्तित्व - १<br>ग) विचारक - १ |
| ४ | **निबन्ध** | वस्तुपरक र आत्मपरक<br>क) सामाजिक - १<br>ख) प्राविधिक/व्यवसायिक - १ | वस्तुपरक र आत्मपरक<br>क) प्राविधिक/व्यवसायिक - १<br>ख) साँस्कृतिक - १<br>ग) सामाजिक - १ |
| ५ | **रूपक** | क) वक्तृता - १<br>ख) संवाद - १ | क) मनोवाद - १<br>ख) वादविवाद - १<br>ग) एकाङ्की - १ |
| ६ | **चिठी** | क) घरायसी - १<br>ख) निवेदन/कार्यालयीय - १<br>❖ निमन्त्रणा, शुभकामना | क) व्यापारिक - १<br>❖ निमन्त्रणा, शुभकामना |
| ७ | **दैनिकी** | दैनिकी - १ | |
| ८ | **भाषातत्त्व/व्याकरण ( पहिचान र प्रयोग)** | १. शब्दवर्गको पहिचान र प्रयोग<br>क) नाम ख) सर्वनाम<br>ग) विशेषण घ) क्रियापद<br>ङ) अव्यय (क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक) | १. शब्दवर्गको पहिचान र प्रयोग<br>क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) अव्यय (क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक) |
| | | २. क) पदसङ्गति (लिङ्ग, वचन, पुरूष र आदर)<br>ख) वाच्य (कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य) | २. वाच्य परिवर्तन |

क्रमशः

| | | | |
|---|---|---|---|
| | | ३. काल<br>क) वर्तमान ख) भूत<br>ग) भविष्यत् | ३. धातु<br>क) सामान्य धातु ख) नाम धातु<br>ग) प्रेरणार्थक धातु घ) धातु रूपावली |
| | | ४. पक्ष<br>क) अपूर्ण ख) पूर्ण<br>ग) अज्ञात घ) अभ्यस्त | ४. वाच्य परिवर्तन<br>लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्षका आधारमा वाच्य परिवर्तन |
| | | ५. भाव (अर्थ)<br>क) आज्ञार्थ ख) इच्छार्थ<br>ग) सम्भावनार्थ घ) सङ्केतार्थ | ५. भाव, प्रेरणार्थक र करण अकरणका आधारमा वाच्य परिवर्तन |
| | | ६. कारक र विभक्ति<br>क) कारकः कर्ता, कर्म, करण, सम्प्रदान, अपादन, अधिकरण<br>ख) विभक्तिको प्रयोग<br>ग) विभक्ति नियम (सरल-तिर्यक) | ६. कारक र विभक्तिको पहिचान र प्रयोग |
| | | ७. वाक्य<br>वाक्यका प्रकार (सरल वाक्य, संयुक्त वाक्य र मिश्र वाक्य) | ७. क) वाक्यमा प्रकारको पहिचान र प्रयोग<br>ख) वाक्य संश्लेषण |
| | | ८. शब्द निर्माण<br>क) उपसर्ग व्युत्पन्न शब्दहरू<br>ख) कृदन्त व्युत्पन्न शब्दहरू<br>ग) तद्धितान्त व्युत्पन्न शब्दहरू<br>घ) समस्त व्युत्पन्न शब्दहरू | ८. शब्द निर्माण<br>मूल शब्द र व्युत्पन्न शब्दको पहिचान र प्रयोग |
| | | ९. वर्णविन्यास (हिज्जे)<br>क) लेख्यचिन्ह (पूर्णविराम, अर्धविराम, प्रश्नचिन्ह, अल्पविराम, उद्गारचिन्ह, योजक चिन्ह, कोष्ठकचिन्ह, उद्धरण चिन्ह, निर्देश चिन्ह)<br>ख) ह्रस्वदीर्घ<br>ग) पदयोग तथा पदवियोग<br>घ) ब/व, श/ष/स, ङ/ञ/ण/न/म, शिरबिन्दु/चन्द्रबिन्दु आदि | ९. वर्णविन्यासको प्रयोग<br>क) लेख्यचिन्ह (पूर्णविराम, अर्धविराम, प्रश्नचिन्ह, अल्पविराम, उद्गारचिन्ह, योजकचिन्ह, कोष्ठकचिन्ह, उद्धरणचिन्ह, निर्देश चिन्ह)<br>ख) ह्रस्वदीर्घ<br>ग) पदयोग तथा पदवियोग<br>घ) ब/व, श/ष/स, ङ/ञ/ण/न/म, शिरबिन्दु/चन्द्रबिन्दु आदि |
| ९ | **शब्दभण्डार** | क) शब्दभण्डार<br><br>अ) पर्यायवाची शब्द<br>आ) अनेकार्थी शब्द<br>इ) अनुकरणात्मक शब्द<br>ई) विपरीतार्थक शब्द<br>उ) श्रुतिसमभिन्नार्थक शब्द<br>ऊ) सिङ्गो शब्द<br>ए) लघुतावाची शब्द<br>ऐ) संक्षिप्त शब्द<br>ओ) समूहबाचक शब्द<br>ख) उखान टुक्का | क) शब्दभण्डार<br><br>अ) पर्यायवाची शबद<br>आ) अनेकार्थी शब्द<br>इ) अनुकरणात्मक शब्द<br>ई) विपरीतार्थक शब्द<br>उ) श्रुतिसमभिन्नार्थक शब्द<br>ऊ) पारिभाषिक/प्राविधिक शब्द<br><br><br><br>ख) उखान टुक्का |

| | | | |
|---|---|---|---|

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| **नाम** | : | विष्णुप्रसाद भुसाल |
| **जन्ममिति** | : | २०३३/०६/१६ |
| **पिता** | : | टेकलाल भुसाल |
| **माता** | : | तुल्सा भुसाल |
| **स्थायी ठेगाना** | : | ढाकावाङ्ग - ६ साँम्नेगाउँ, अर्घाखाँची |
| **लिङ्ग** | : | पुरुष |
| **राष्ट्रियता** | : | नेपाली |
| **भाषिक ज्ञान** | : | नेपाली भाषा |
| **सम्पर्क नं.** | : | ९८४७४३९०३५ |
| **शैक्षिक योग्यता** | : | बी.ए., बी.एड्, एम्.एड् |
| **विशिष्टीकरण विषय** | : | नेपाली |
| **पेशा** | : | अध्यापन |

## शिक्षा

| क्र.सं. | योग्यता | साल | अध्ययन संस्था | श्रेणी | ठेगाना |
|---|---|---|---|---|---|
| १ | एस्.एल्.सी. | २०५० | श्री विश्व माध्यमिक विद्यालय | पास | अर्घाखाँची |
| २ | प्रमाणपत्र तह | २०५४ | श्री पाणिनि बहुमुखी क्याम्पस | द्वितीय | अर्घाखाँची |
| ३ | बी.ए. | सन् २००१ | श्री पाणिनि बहुमुखी क्याम्पस | द्वितीय | अर्घाखाँची |
| ४ | बी.एड्. | सन् २००५ | श्री स्वर्गद्वारी बहुमुखी क्याम्पस | द्वितीय | प्यूठान |
| ५ | एम्.एड्. | २०६९ | तानसेन बहुमुखी क्याम्पस | | पाल्या |